# बालकोट गा.वि.स. का महिलाहरुको शैक्षिक अवस्था
# एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय
अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक
आवश्यकता परिपूर्तिको लागि तयार पारिएको
शोध पत्र

प्रस्तुत
मुना महत
रोल नं. ५५४/२०६९
टि.यु दर्ता नं. ६-१-२५२-१५७-९९
समाजशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ

२०७५

बालकोट गा.वि.स. का महिलाहरुको शैक्षिक अवस्था : एक समाजशास्त्रीय अध्ययन - मुना महत २०७५

**त्रिभुवन विश्वविद्यालय**
**समाजशास्त्र केन्द्रीय बिभाग**
**कीर्तिपुर, काठमाण्डौ**

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र संकाय अर्न्तगत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधी प्राप्तिको आंशिक आवश्यकता पुरा गर्नको लागि प्रस्तुत **"बालकोट गा.वि.स.का महिलाहरूको शैक्षिक अवस्था : एक समाजशास्त्रीय अध्ययन"** विषय शोधपत्र मुना महतले मेरो निर्देशन, सुझाव तथा सुपरिवेक्षणमा तयार पार्नु भएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु अतः शोधपत्रको अन्तिम मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति २०७५/६/२

.............................

प्रा. डा. टिकाराम गौतम
शोध निर्देशक
समाजशास्त्र केन्द्रीय बिभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाण्डौ

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र केन्द्रीय बिभाग**

**कीर्तिपुर, काठमाण्डौ**

# स्वीकृती पत्र

त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपूर्तिको लागि मुना महतले तयार गरी प्रस्तुत गर्नुभएको **"बालकोट गा.वि.स.का महिलाहरूको शैक्षिक अवस्था : एक समाजशास्त्रीय अध्ययन"** शीर्षकको शोधपत्रको आवश्यक मूल्याङ्कन गरी उक्त उपाधिको लागि उचित ठहरिएकोले स्वीकृती प्रदान गरिएको छ ।

**शोधपत्र मूल्यांकन समिति** **हस्ताक्षर**

प्रा. डा. तुलसीराम पाण्डे

..........................................

विभागीय प्रमुख

डा. किरण आचार्य ..........................................

बाह्य निरीक्षक

डा. टिकाराम गौतम ..........................................

शोधनिर्देशक

मितिः............................

## कृतज्ञता ज्ञापन

प्रस्तुत **"बालकोट गा.वि.स.का महिलाहरूको शैक्षिक अवस्था : एक समाजशास्त्रीय अध्ययन"** शीर्षकको शोधपत्र प्रस्तावना कार्य सुरूदेखि अन्त्यसम्म आफ्नो अमूल्य समय दिई आवश्यक निर्देशन, सल्लाह, सुझाव एवं प्रेरणा प्रदान गर्नुहुने समाजशास्त्र केन्द्रीय विभागका गुरू टिकाराम गौतमज्यू प्रति हृदय देखि नै आभार व्यक्त गर्दछु । शोधपत्र तयारीको क्रममा स्वीकृति प्रदान गरी अनुसन्धान गर्ने अवसर दिनुहुने विभागी प्रमुख डा. तुलसीराम पाण्डे ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । समय समयमा विभिन्न सल्लाह सुझाव दिनुहुने विभागका सम्पूर्ण गुरू गुरूआमाहरूप्रति धन्यवाद ज्ञापन गर्दछु ।

शोधपत्रका क्रममा आवश्यक सूचनाहरू उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने बालकोट गा.वि.स.का सम्पूर्ण समुदायका दाजुभाई दिदीवहिनीमा धन्यावाद ज्ञापन गर्न चाहन्छु । भौतिक तथा आर्थिक सहयोग गरी उच्च शिक्षासम्म पढ्ने अवसर दिनुहुने मेरा आदरणीय अभिभावक र हौसला प्रदान गर्नुहुने मेरा परिवारप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी शोधपत्र लेखन कार्यमा शुरूदेखि अन्त्यसम्म सहयोग गर्नुहुने मेरा श्रीमान् सोभित खड्का पनि धन्यवादका पात्र हुनुहुन्छ ।

मुना महत

## मौलिकता बारेको घोषणा

प्रस्तुत **"बालकोट गा.वि.स.का महिलाहरूको शैक्षिक अवस्था : एक समाजशास्त्रीय अध्ययन"** शीर्षकको शोधपत्र लेखनकार्यमा म स्वयं नै सम्वन्धित स्थलगत अध्ययनका निमित्त भक्तपुर जिल्लाको बालकोट गा.वि.स.को वडा नं. १, ६ र ९ मा पुगी स्थलगत कार्य गरी तयार पारेको हुँ । यस शोधपत्र लेखनमा मैले २ वटा तरीका (प्राथमिक र द्वितीय) प्रयोग गरेर सम्वन्धित विषयवस्तुहरूमा जानकारी संकलन गरेर तयार पारेको छु । यस शोधपत्रमा लेखिएका सम्पूर्ण तथ्यांकहरू सत प्रतिशत साँचो हो ।

मुना महत

# विषय सूची


| | पृष्ठ संख्या |
|---|---|
| **अध्याय एक : अध्ययनको परिचय** | |
| १.१. शिक्षाको परिचय | १ |
| १.२. शिक्षाको प्रकार | २ |
| १.३. शिक्षाको महत्व | ३ |
| १.४. महिला र शिक्षा | ४ |
| १.४.१ नेपालमा वर्तमान महिला शिक्षा नीति र कार्यक्रमहरु | ५ |
| १.५. समस्याको कथन | ७ |
| १.६. अध्ययनको महत्व | ७ |
| १.७. अनुसन्धानको उद्देश्य | ८ |
| १.८. अध्ययनको सीमा | ८ |
| **अध्याय दुई : अनुसन्धान पद्धति** | |
| २.१ अध्ययन क्षेत्रको छनौट | १० |
| २.२. अनुसन्धानको ढाँचा | १० |
| २.३ तथ्यांक संकलन विधि | ११ |
| २.४ तथ्यांकको वर्गीकरण तथा प्रस्तुतीकरण | ११ |
| **अध्याय तीन : अध्ययन क्षेत्रको जनसांख्यिक तथा सामाजिक अवस्था** | |
| ३.१ अध्ययन क्षेत्रको सामान्य परिचय | १२ |
| ३.२ अध्ययन क्षेत्रको जनसांख्यिक तथा सामाजिक अवस्था | १२ |
| ३.३ लिङ्गको आधारमा उत्तरदाताको परिवारको जनसंख्या विवरण | १३ |
| ३.४ जातिगत अवस्थाका आधारमा उत्तरदाताको विवरण | १४ |
| ३.५ उमेरको आधारमा उत्तरदाताको विवरण | १४ |
| ३.६ वैवाहिक अवस्थाका आधारमा उत्तरदाताको विवरण | १५ |
| ३.७ परिवारको प्रकारका आधारमा उत्तरदाताको विवरण | १६ |
| ३.८ परिवारको आकारको आधारमा उत्तरदाताको परिवारको विवरण | १७ |
| ३.९ पेशागत अवस्थाका आधारमा उत्तरदाताको विवरण | १८ |

**अध्याय चार : अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्था**

४.१ उत्तरदाताको शैक्षिक अवस्था १९

४.१.१ शैक्षिक सहभागिताको किसिमका आधारमा उत्तरदाताहरुको विवरण २०

४.१.२ जातीगत आधारमा उत्तरदाताको शैक्षिक अवस्था २१

४.१.३ उमेर समुहको आधारमा उत्तरदाताको शैक्षिक अवस्था २२

४.१.४ वैवाहिक स्थितिका आधारमा उत्तरदाताको शैक्षिक अवस्था २३

४.२ उत्तरदाताको महिला शिक्षा प्रतिको धारणा २४

**अध्याय पाँच : महिला शिक्षालाई प्रभावित गर्ने प्रमुख जिम्मेवार तत्वहरु**

४.१ पारिवारिक पृष्ठभूमी २५

५.२ कार्यबोझ २६

५.३ आर्थिक अवस्था २७

५.४ चेतनाको कमी २८

५.५ विवाह २९

५.६ महिला शिक्षा प्रति समाजको धारणा ३०

५.७ भौगोलिक आधार ३१

**अध्याय - छ : सारांश र निस्कर्ष**

६.१ सारांस ३३

६.२ निष्कर्ष ३५

**सन्दर्भ सामाग्री**

# तालिका सूची

**पृष्ठ संख्या**


तालिका नं. ३.१ उत्तरदाताहरुको परिवारको जनसांख्यिक विवरण १३

तलिका नं. ३.२ जातिगत आधारमा उत्तरदाताको विवरण १४

तालिका नं. ३.३ : उमेरको आधारमा उत्तरदाताको विवरण १४

तलिका नं. ३.४ : वैवाहिक अवस्थाका आधारमा उत्तरदाताको विवरण १५

तलिका ३.५ : परिवारको प्रकारका आधारमा उत्तरदाताको विवरण १६

तालिका नं. ३.६ : परिवारको सदस्य संख्याको आधारमा उत्तरदाताको विवरण १७

तालिका नं. ३.७ : पेशागत अवस्थाका आधारमा उत्तरदाताको विवरण १८

तलिका नं. ४.१ : उत्तरदाताहरुको शैक्षिक स्थिति १९

तालिका नं. ४.२ : शिक्षाको मिसिमको आधारमा उत्तरदाताका विवरण २०

तालिका नं. ४.३ जातिगत आधारमा उत्तरदाताको शैक्षिक अवस्था २१

तालिका नं. ४.४ : उमेरगत अधारमा उत्तरदाताको शैक्षिक स्थिति २२

तलिका नं. ४.५ : वैवाहिक स्थितिका आधारमा उत्तरदाताको शैक्षिक अवस्था २३

# अध्याय एक

# अध्ययनको परिचय

## १.१. शिक्षाको परिचय

शिक्षा मावन जीवनको अभिन्न पक्ष हो । शिक्षा शब्दले सिक्ने वा ज्ञानआर्जन गर्ने चाहनालाई व्यक्त गर्दछ । आजको युगमा शिक्षा भनेको मानव जातिको तेस्रो आँखा हो । शिक्षा विना व्यक्तिले मानज जीवनको गहिराईलाई बुझ्न सक्दैन । शिक्षाको कार्यको बारेमा समाजशास्त्री Herbert Spencer भन्दछन् "मनुस्यलाई जीवन व्यतीत गर्नका लागि तयार गर्नु नै शिक्षाको कार्य हो ।"

समाजमा शिक्षाको कस्तो भूमिका हुने भन्ने सम्बन्धमा विभिन्न समाजशास्त्रीहरुले आ-आफ्नै किसिमको विचारधारा प्रस्तुत गरेका छन् । जसमा समाजशास्त्री Emile Durkheim ले शिक्षाको सम्बन्धमा प्रकार्यवादी दृष्टिकोणबाट हेरेका छन् । उनका अनुसार शिक्षाले समाजको मुल्य र मान्यतामा परिवर्तन ल्याउनको लागि मुख्य कार्य गर्दछ । विद्यालयमा सिकाइने नियमको आधारमा बच्चाले साधारण नियमहरुको पालना गर्दै उसले आफूलाई अनुशासनमा राख्ने बानीको विकास गर्नुको साथै विद्यालयका अन्य सदस्यहरुसँग समेत घुलमिल हुँदै जान्छ र जसले समाजमा समेत अन्य सदस्यहरुसँग समाज कै नियम अनुरुप घुलमिल हुन सिक्दछ । त्यसैगरी शिक्षाले व्यक्तिको क्षमता र सीपको विकास गराई उसको भविष्यमा पेशाको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आजको जटिल औद्योगिक समाजमा विशिष्टिकृत श्रमशक्ति उत्पादनका लाग शिक्षा अनिवार्य मानिन्छ । शिक्षाले विशिष्टकृत श्रमशक्ति उत्पादन गरी अहिलेको आधुनिक समाजमा सामाजिक एकता कायम गर्नको लागि बलियो आधार तयार गर्दछ (Haralamobs 2011)।

त्यसैगरी अर्का प्रकार्यवादी विचार राख्ने समाजशास्त्री Talcott Parsons ले पनि शिक्षाको समाजमा हुने भूमिकाको सम्बन्धमा आफ्नो विचार प्रस्तुत गरेका छन् । उनका अनुसार विद्यालयमा दिइने शिक्षाले परिवार र समाजलाई जोड्ने बिचमा पुलको कार्य गर्दछ, जसले एउटा बच्चालाई उसको युवा अवस्थाको भूमिकाको लागि तयार गर्दछ । आधुनिक शिक्षा प्रणालीले प्रत्येक व्यक्तिलाई उसको भविष्यमा समाजप्रति कस्तो भूमिका रहने भन्ने कुरालाई जोड दिन्छ । परम्परागत समाजको जन्मको आधारमा पेशा निर्धारण हुने परम्परा रहे तापनि

हालको आधुनिक समाजमा जन्मको आधारमा पेशा छनौट गर्ने नभई औपचारिक शिक्षाको माध्यमद्वारा व्यक्तिलाई दक्ष बनाइ उसको क्षमता अनुरुप भविष्यमा कस्तो पेशा अपनाउने भन्ने विषयमा व्यक्तिगत रुपमा छनोटको अधिकार निर्धारण गर्दछ । औपचारिक शिक्षाले विद्यार्थीलाई जाँच तथा मूल्याङ्कन गरी विद्यार्थीको सीप, क्षमता र दक्षताको परीक्षण गरी आवश्यक र उपयुक्त रोजगार दिलाउने संयन्त्रको रुपमा कार्य गर्दछ (Haralamobs, 2011) ।

शिक्षाले मानिसको चेतना वृद्धि गर्न, सीप विकास गर्न, चिन्तन शक्ति बढाउन ज्ञानको विकास गर्न, धारणामा परिवर्तन गर्न, असल व्यवहारको विकास गर्न, समझदारी वृद्धि गर्न विशेष भूमिका खेल्दछ । हाम्रो समाज संस्कृति वातावरण व्यवस्था समयअनुसार परिवर्तन हुनुपर्दछ । शिक्षाले सामाजिक सांस्कृतिक परिवर्तनको संवाहकको भूमिका खेल्दछ । शिक्षा जीवनको तयारी पनि हो । जीवनका समस्या समाधान गर्ने र जीवनलाई गुणस्तरीय जीवनमा परिवर्तन गर्ने माध्यम पनि शिक्षा नै हो, शिक्षा ज्ञानको ज्योति विकासको मापदण्ड, कार्य कुशलताको परिचायक र उज्वल भविष्यको आधार हो । शिषा विना मानिसमा वौद्धिक तथा आन्तरिक गुणको विकास हुन सक्दैन । कुनै पनि परिवार, समाज तथा देश विकासमा शिक्षाको निकै ठूलो भूमिका रहन्छ (पन्त, २०७०) ।

### १.२. शिक्षाको प्रकार

शिक्षा सामाजिक संस्था हो । जसले आधारभूत तथ्य, रोजगार क्षमता र व्यक्तिको सांस्कृतिक मूल्य र मान्यता लगायतका ज्ञानको रुपान्तरणलाई निर्देशन गरेको हुन्छ । औद्योगिक पूर्वका कतिपय समाजमा शिक्षा अनौपचारिक खालको थियो । धर्मबाट निर्देशित शिक्षा, चर्च, मन्दिर, मस्जिद, गुम्बा, गुरुकुल, परिवार आदि मार्फत प्राप्त हुन्थ्यो । (आचार्य, २०७०) ।

औपचारिक शिक्षा २००७ साल अघि खासै थिएन् । जनताका छोराछोरीले पढे बाठा हुन्छन् भनि पढ्न जान दिने चलन थिएन् भने राणाहरुले आफ्ना सन्तान र आफन्तका लागि दरबार हाइ स्कुल खुलाएका थिए । नेपालमा प्रजातन्त्रको स्थापना पश्चात् मात्रै औपचारिक र अनौपचारिक शिक्षण संस्थाहरु खुले । आधुनिकतासँगै शिक्षाको लेनदेनको तरिका शिक्षा उद्देश्य तथा शिक्षामा सहभागी हुने प्रवृत्तिमा व्यापक परिवर्तन हुनथाल्यो । उच्च शिक्षाको लागि स्कुल तथा कलेजहरु खुल्न थाले । विभिन्न मितिमा राष्ट्रिय तथा अन्तराष्ट्रिय सभा सम्मेलनहरुले पारित प्रस्तावनाहरुलाई पूरा गर्ने र देशको शैक्षिक अवस्थामा गुणात्मक सुधार गर्दै लैजाने उद्देश्यले राष्ट्रिय शिक्षा आयोग २०११, सर्वाङ्गिण राष्ट्रिय शिक्षा पद्दति योजना

२०२८, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम २०४५, राष्ट्रिय शिक्षा आयोग २०४९ उच्च स्तरीय  राष्ट्रिय शिक्षा आयोग २०५५ जस्ता कदमहरु शिक्षा क्षेत्रमा चालिएका छन् ( अर्याल, २०५९) ।

अनौपचारिक शिक्षातर्फ हेर्ने हो भने सन् १९५१ देखि १९५६ सम्म अनौपचारिक शिक्षा केवल साक्षरता कार्यक्रममा मात्र सिमित रहेको थियो । सन् १९५६ देखि १९६५ सम्म प्रौढ साक्षरताका लागि केन्द्रहरु विस्तार गर्ने, ३ महिनाको साक्षरता कार्यक्रमलाई ६ महिनाको गर्ने र उत्तीर्ण हुने प्रौढहरुलाई प्रमाणपत्र वितरण गर्ने कार्यहरु भए । सन् १९७१ देखि १९७७ मा राष्ट्रिय शिक्षा पद्दति  योजना लागू भएपछि साक्षरताका लागि प्रोढ शिक्षा र कार्यमूलक प्रोढ शिक्षा गरी २ किसिमका कार्यक्रमहरु लागू गरिए जसलाइ शुरुमा शिक्षा विकास तथा अनुसन्धान केन्द्रले अधिराज्यका ८ जिल्लामा लागू गरेको थियो । हाल अनौपचारिक शिक्षा केन्द्रले प्रौढ तथा बाल शिक्षाको सम्बन्धमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । (शिक्षा मन्त्रालय अनौपचारिक शिक्षा केन्द्र, २०५७ )

प्राथमिक शिक्षाको विकास भने नयाँ शिक्षा पद्दति  योजना २०२८ लागू भएदेखि तिब्र रुपमा हुँदै आएको पाइन्छ । वि.सं. २०३२ सालमा प्राथमिक शिक्षा निशुल्क र २०३५ सालदेखि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरियो । जसले गर्दा विद्यार्थी सहभागिता क्रमशः वृद्धि हुँदै गएको पाइन्छ । तर संख्यात्मक रुपमा विद्यार्थी संख्या बढ्दै गए पनि गुणात्मक रुपमा भने खासै वृद्धि हुन सकेको छैन (केन्द्रीय तथ्यांक विभाग, १९९५) ।

व्यक्तिमा अन्तरनिहित प्रतिभा र क्षमतालाई उजागर गर्दै सामाजिक उत्थान गर्नु मानवीय मूल्य एवम्  मान्यतालाई आत्मसात गरी वैज्ञानिक दृष्टिले कार्य सम्पादन गर्न सक्ने नागरिक तयार गर्नु आधुनिक शिक्षाके मुख्य उद्देश्य हो (अन्तरिम संविधान, २०६३) ।

### १.३. शिक्षाको महत्व

आजको युगमा शिक्षा मानवको तेस्रो आँखा हो । शिक्षाबाट बञ्चित व्यक्तिले जीवनलाई बुझ्न सक्दैन । मानिस अशिक्षाले अन्धो हुन्छ । शिक्षा विना मानवले जीवनको पूर्ण आनन्द लिन सक्दैन । शिक्षाको उल्यालो घामको न्यानो किरण पाएका मुलुकहरुले विकासको गति हासिल गरिरहेका छन् । समाजमा देखिएका विभेदको अन्त्य गरि समानतामूलक समाज निर्माणका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेल्दछ । शिक्षा कुनै पनि समाज र राष्ट्र

विकासको आधार हो । राष्ट्रका मानिसहरु शिक्षित भएमा मात्र सामाजिक सुधार हुनाका साथै राष्ट्रको उत्थान हुने हुनाले शिक्षाको निकै ठूलो महत्व छ ।

शिक्षाको अभावमा मानव जीवन अपुरो मात्र होइन अत्यन्तै कष्टकर र निरासाजनक पनि छ । समाजमा व्यक्तिलाई ज्यूनका लागि समाजसँग परिचीत हुनका लागि, प्रगती र विकास गर्न लागि शिक्षा अनिवार्य छ । आज तिनै समाज विकसित र धनी कहलिएका छन् । स्रोत र साधनको भरपुर उपयोग गरिराखेका छन् । आफ्नो प्रभुत्वलाई अघि बढाई राखेका छन् । सभ्य तथा सुसंस्कृत छन्, जुन समाज शिक्षामा अघि छन् । देशको आर्थिक अवस्थामा सुधार ल्याउन स्रोत र साधनको उपयोग गर्न तथा समाजमा भातृत्व र भाइचाराको विकास गर्न पनि शिक्षाको त्यति नै महत्व छ (आचार्य, २०७०) ।

शिक्षा ज्ञानको सिर्जना, ज्ञानको उपयोग, ज्ञानको फैलावटको आधार हो । शिक्षा नै दुनियागजत्को सम्पर्कको आधार हो । मानव विकासको लागि साध्य र साधन (Ends and Means) दुवै हो । वास्तवमा मानिसको सामाजिक र आर्थिक विकास शिक्षा विना अपूर्ण छ । देश र समाज विकासको महत्वपूर्ण सूचकका रुपमा शिक्षालाई लिइएको छ (आचार्य, २०७०) ।

### १.४. महिला र शिक्षा

नेपाल शिक्षाको क्षेत्रमा तलै छ । नेपालीहरुको कुल साक्षरता ६५.९ प्रतिशत रहेकोमा (५ वर्ष माथिका) पुरुष ७५.१ प्रतिशत र महिला ५७.४ प्रतिशत रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग २०६८) । नेपालमा कानुनले नारीलाई पुरुष सरह शिक्षा प्राप्त गर्ने अधिकार दिए पनि कुसंस्कार र अन्धविश्वासले नेपाली महिलालाई असर पारेको छ । चाहे महिला हुन वा पुरुष शिक्षा सबैका लागि अपरिहार्य छ । आधा आकाश ओगटेका महिलाहरुको शैक्षिक अवस्था ज्यादै न्युन छ । जुन प्रमाणपत्र तहदेखि विधावारिधीको तहसम्म पुग्दा क्रमैसँग छट्दै गएको देखिन्छ । -प्रमाणपत्रमा २९.७४ प्रतिशत महिला छन भने क्रमश स्नातकमा २५.२९ प्रतिशत स्नातकोत्तरमा १७.६५ र विद्यावारिधिमा १७.९ प्रतिशत छन् । यसरी घट्दै जानुमा महिलाले विवाह पछिको शिक्षालाई अघि बढाउन नसक्नु, आर्थिक स्रोतको अभाव हुनु, घर बाहिरका सहरमा गएर पढ्ने अनुमति नहुनु तथा महिलाप्रतिको उच्च शिक्षामा पारिवारिक र सामुदायिक चासो कम हुनु जस्ता कारणहरुले महिलाको उच्च शिक्षामा न्यून पहुँच रहन गएको छ (आचार्य, २०७०) ।

महिला शिक्षित भएमा मात्र सामाजिक सुधार हुने साथै राष्ट्रको विकास हुने हुनाले यो पछौटेपन हटाउनु जरुरी छ । सुरुदेखि नै छोरीको शिक्षालाई महत्व नदिने, घरको कामको जिम्मेवारी छोरीलाई मात्र दिने, सीप तथा तालिममा कम अवसर दिइने सानै उमेरमा विवाह गरिदिने, महिनावारी हुँदा छुट्टै बस्नुपर्ने वाध्यता, केही गाउँमा विद्यालयको वातावरण सुरक्षित नहुने आदि शिक्षामा महिला पछि पर्नुका कारणहरु हुन् (चित्रकार २०६३) । महिला र पुरुष भनेका एक अर्काका परिपूरक हुन । यी मध्ये एकमात्र शिक्षित भएर सामाजिक सुधार सम्भव छैन । त्यसैले समाज र देशको विकास गर्न महिला शिक्षामा जोड दिनु पर्दछ । महिलालाई पुर्नउत्पादक कार्यमा मात्र सिमित नराखी उत्पादन मूलक कार्यमा संलग्न गराउनु पर्दछ (श्रेष्ठ, २०६६) ।

### १.४.१ नेपालमा वर्तमान महिला शिक्षा नीति र कार्यक्रमहरु

नेपालमा हरेक योजनाले शिक्षालाई विशिष्ट स्थान दिई आइरहेका छन् । तैपनि शिक्षामा अपेक्षित सुधार भने आउन सकेको छैन । त्यसमा पनि महिलाहरुको शैक्षिक अवस्था पुरुषको समकक्षमा पुऱ्याउन अझै थुप्रै कसरतहरु गर्नुपर्ने देखिन्छ । मुलुकमा लागू भएको पाचौं पञ्चवर्षिय योजना (सन् १९७५) देखि सरकार प्राथमिक तथा माध्यमिक स्तरमा महिलाहरुको सहभागिता वृद्धि गर्ने प्रयासमा लागे पनि अपेक्षित सुधार भने हात पार्न सकेको छैन । शिक्षालाई सर्वसुलभ गराउने अभिप्रायले नै सरकारले माध्यामिक तहसम्म निःशुल्क शिक्षा दिने, प्राथमिक तहसम्म निःशुल्क पुस्तक वितरण गर्ने तथा महिला शिक्षिकालाई तालिम दिने जस्ता कार्यक्रमहरु गरिरहेको छ । सरकारले आधारभूत र प्राथमिक शिक्षा परियोजना सञ्चालन पनि गरको छ । जसले शिक्षक तालिम, शैक्षिक स्रोत वृद्धि विशेष शिक्षा कार्यक्रम तथा अनौपचारिक शिक्षामा वालिका एवम प्रौढलाई समेत लक्षित गरेको पाइन्छ (सर्च, स्त्रीशक्ति, २०००) ।

महिलाको मौलिक हक तथा मानव अधिकारको संरक्षण गरी देशको विकासमा महिलाको सक्रिय सहभागिता गराउने उद्देश्यले स्थापना भएको राष्ट्रिय महिला आयोगले उक्त उद्देश्य परिपूर्तिको निमित्त महिला शिक्षाको अपरिहार्य आवश्यकतालाई स्वीकार गरी यस आयेगका आगामी कार्यक्रमको प्राथमिक क्षेत्रमा “महिला शिक्षा”लाई उल्लेख्य रुपमा समावेश गराइएको छ । (रा.म.आ. २०५८ ) भने अनौपचारिक शिक्षा केन्द्रले पनि प्रौढ साक्षरता कार्यक्रम, महिला साक्षरता प्रथम, महिला साक्षरता दोस्रो, साक्षरोत्तर कार्यक्रम, वैकल्पिक

विद्यालय कार्यक्रम जस्ता कार्यक्रमहरु सञ्चालन गरी महिला शिक्षालाई योगदान दिँदै आइरहेको छ (अनौपचारिक शिक्षा केन्द्र, २०६०)।

महिलाको शैक्षिक अवस्थामा क्रमशः सुधार आइरहेको यथार्थता रहँदा रहँदै पनि शिक्षामा लैंगिक दृष्टिकोणबाट समानता प्राप्त हुन सकेको छैन । यसै तथ्यलाई मनन गरी नेपालको दीर्घकालीन राष्ट्रिय योजनाको अवधारणामा लैङ्गिक समानतालाई सुनिश्चित गर्न तथा महिला, दलित, अपाङ्ग र पिछडिएका वर्गको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरुको पहुँच बढाउन विशेष कार्यक्रम सञ्चालन गर्न लक्ष्य लिइएको छ । दशौं योजनामा शिक्षाको सम्बन्धमा निम्न लिखित उद्देश्य राखिएको छ ।

- साक्षरता साक्षरोत्तर आयमूलक जीवनपयोगी औपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी विशेषत पिछडिएका समुदाय तथा महिलाको जीवनस्तर उकास्न मद्दत पुऱ्याउने ।
- सबैका लागि शिक्षाको सन्दर्भमा महिला तथा अपाङ्गका लागि शिक्षाको अवसरहरुमा पहुँच बढाउन विशेष व्यवस्था गर्ने (दशौं योजना २०५९-२०६४ )

दशौं योजनाको क्षेत्रगत अवधारणा अन्तर्गत महिला शिक्षाको सम्बन्धमा भनिएको छ- "लैङ्गिक समानता र महिला सशक्तीकरणको उद्देश्य हासिल गर्ने महत्वपूर्ण माध्यम शिक्षा हो । महिला सहभागितामा कमि, पढाई छोड्ने छात्राको संख्यामा वृद्धि, कुल शिक्षक संख्यामा २६% मात्र महिला शिक्षिका रहेको वर्तमान अवस्था छ । तसर्थ यिनको सुधार गर्न सम्बन्धित क्षेत्रहरु बीचमा नीतिगत र कार्यगत समन्वय बढाई लैङ्गिक अन्तर कमगर्न नीति अवलम्बन गरिएको छ (दशौं योजना, ०५९-६४)।

त्यसै गरी त्रि-वर्षीय अन्तरिम योजनामा पनि शिक्षा सम्बन्धी निम्न लिखित उद्देश्य राखिएको छ ,

- शिक्षामा सवै नागरिकको पहुँच सुनिश्चित गरी साक्षर बनाउनु र गुणस्तरयुक्र तथा रोजगारी मूलक शिक्षा प्रदान गर्नु ।
- सबैका लागि समान गुणस्तरको निशुल्क र सर्वसुलभ आधारभूत शिक्षाको प्रत्याभूति गर्नु ।

- उच्च शिक्षालाई अनुसन्धान मूलक वा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने तर्फ विकसित गर्नु ।
- सबै तहको शिक्षालाई समतामूलक एवं समावेशी बनाउनु ।

त्यसैगरी महिला शिक्षा सम्बन्धी नेपालको अन्तरिम संविधान २०६३ को भाग ४ धारा ३५ को उपधारा ८ मा महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा आधिकारिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्ने छ भन्ने व्यवस्था गरेको छ (अन्तरिम संविधान, २०६३)

### १.५. समस्याको कथन

शिक्षाले चेतना दिन्छ र चेतनाले अन्याय विरुद्ध लड्न सिकाउँछ । मानवीय जीवनको मर्यादा र विकासको लागि शिक्षा अपरिहार्य तत्व हो । नेपाल जस्तो विकासोन्मुख देशमा महिला वर्ग अझै अशिक्षा र अज्ञानताको अन्धकारमा रहनाले एकातिर पारिवारिक सुख, सुविधा र सन्तुष्टिको स्थितिबाट बञ्चित छौं भने अर्कोतिर यसले देश विकासमा ठूलो अवरोध ल्याएको छ । त्यसैले महिलाको शिक्षा आर्जनमा बाधा पुऱ्याउने तत्वहरुको पहिचान गर्नु आवश्यक छ । यस अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्था कस्तो छ र पुरुष सरह शिक्षा पाउन बाधा पार्ने तत्वहरुको पहिचान हुनु आवश्यक छ । वर्तमान महिलाहरुको लागि दिइने शिक्षाले उनीहरुको जीवनमा कति परिवर्तन ल्याउन सक्यो त्यसतर्फ ध्यानाकर्षण हुनु आवश्यक छ । तिनै विविध प्रश्नहरुको उत्तर खोज्ने प्रयासका साथ यस भक्तपुर बालकोटका महिलाहरुको शैक्षिक अवस्थाहरुको अध्ययन गर्न लागिएको हो । यस अध्ययनमा मूलतः निम्न लिखित अनुसन्धान प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ :

१) अध्ययन क्षेत्रमा बसोबास गर्ने महिलाहरुको शिक्षाको अवस्था कस्तो छ ?

२) महिलाहरुले पुरुष सरह समान शिक्षा पाएका छन कि छैनन् ?

३) यहाँका महिलाहरुको शिक्षा आर्जनमा बाधा पार्ने तत्वहरु के के हुन् ?

### १.६. अध्ययनको महत्व

शिक्षा समाजको सामाजिकीकरणको महत्वपूर्ण माध्यम हो । शिक्षाका माध्यमबाट समाजमा विकसित ज्ञान, संस्कृति मूल्य, मान्यता, भाषा, कला साहित्य प्रविधि आदि मानव समाजमा

हस्तान्तरित हुन्छन् । शिक्षामा वैज्ञानिकता साथै व्यवहारिक शिक्षालाई  देशको आवश्यकता अनुरुप विकसित गर्द सवै वर्ग र समुदायको पहुँच रहन सक्ने गरी शिक्षाको विकास गर्नुपर्ने आजको आवश्यकता हो (आचार्य, २०७०) । तर पनि समाजमा यसको समानुपातिक विकास हुन सकेको छैन । अझै पनि शिक्षामा महिलाहरु पछाडि परेका छन जसको कारण खोज्नु आजको आवश्यकता हो । केही महिलाको शैक्षिक गतिविधिमा नियन्त्रण गर्ने कारक तत्व आर्थिक नै प्रमुख भएको निष्कर्षमा पुगेका छन् । शिक्षाले समाजमा र स्वयम् शिक्षित व्यक्तिको जीवनमा कस्तो र कति प्रभाव पार्न सक्यो भनेर विश्लेषण गर्नु सँग केन्द्रत रहनु पर्दछ ।

विविधतायुक्त हाम्रो नेपाली समाजमा अन्यत्र गरिएका अध्ययनले सम्पूर्ण समाजको प्रतिनिधित्व गर्न सक्दैन । यस अध्ययन क्षेत्रमा गर्न लागिएको अध्यनबाट प्राप्त निष्कर्ष अन्य अनुसन्धानका विद्यार्थी, सामाजिक कार्यकर्ता, तथा महिला शिक्षा विषयमा चासो राख्ने जो कोहिलाई उपयोगी हुन सक्ने छ । यो अनुसन्धान र यसमा अपनाइने प्रक्रियाले भावी अनुसन्धानकर्ता तथा शैक्षिक प्रवृत्ति र प्रक्रियाको बारेमा बुझ्न खोज्नेलाई एउटा पुरक स्रोतको रुपमा समेत सहयोग पुऱ्याउने छ ।

## १.७. अनुसन्धानको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य महिलाहरुको शैक्षिक स्थितिको बारेमा जानकारी प्रस्तुत गर्नु रहेको छ । भक्तपुर जिल्लाको बालकोट गा.वि.स. का महिलाहरुको वास्तविक स्थिति अनुसन्धानका लागि निम्न उद्देश्य रहेका छन् ।

१) अध्ययन क्षेत्रको महिलाहरुको शैक्षिक अवस्था विश्लेषण गर्ने ।

२) त्यस क्षेत्रको महिलाहरुको शिक्षा आर्जनमा बाधा पार्ने तत्वहरु पत्ता लगाउने ।

## १.८. अध्ययनको सीमा

प्रत्येक अध्ययन अनुसन्धानका आआफ्नै सीमाहरु हुन्छन् । त्यही सिमाभित्र रही अध्ययनलाई सीमाबद्ध गर्नुपर्ने हुँदा यस अध्ययनले सम्पूर्ण ठाउँको महिलाहरुको प्रतिनिधित्व नगरी भौगोलिक आधारमा यो अध्ययन भक्तपुर जिल्ला बालकोट गा.वि.स. मा सीमित रहेको छ ।

विषय वस्तुको आधारमा यो अध्ययन क्षेत्रमा महिलाहरुको शैक्षिक अवस्था र शिक्षा आर्जनमा वाधापार्ने तत्वहरुको पहिचान गर्ने तर्फ यो अनुसन्धान केन्द्रित रहने छ ।

# अध्याय दुई

# अनुसन्धान पद्धति

## २.१ अध्ययन क्षेत्रको छनौट

महिला शिक्षा आजको आजको परिस्थितिको निकै नै जल्दोबल्दो समस्याको रुपमा रहेको छ । कुनै पनि विकास कार्यमा महिलाको सहभागिता विना पूर्ण हुन नसक्ने भएकाले महिला शिक्षाको बारेमा अध्ययन अनुसन्धन गर्नु महत्वपूर्ण हुन आउँछ । यो अध्ययन क्षेत्र वाग्मती अञ्चल भित्र पर्ने भक्तपुर जिल्लाको बालकोट गा.वि.स.लाई लिइएको छ । यस गा.वि.स मा ९ वटा वडाहरु रहेका छन् । जसमा धेरै जातजातीका मानिसहरु रहेका छन् र उनीहरुको आफ्नै किसिमको सामाजिक, साँस्कृतिक संरचना, मूल्यमान्यता रही आएको छ । उक्त अध्ययन क्षेत्रका विभिन्न जातिका महिलाहरुको शैक्षिक अवस्था, महिला शिक्षाप्रति समाजको बुझाई तथा हेराई र महिलाहरुको शिक्षा आर्जनमा बाधा पार्ने तत्वहरु पत्ता लगाउनका लागि भक्तपुर जिल्ला बालकोट गा.वि.स.लाई छनौट गरिएको छ । यस क्षेत्रलाई छनौट गर्नुका कारणहरु निम्नानुसार रहेका छन् ।

१) उक्त क्षेत्रका महिला शिक्षाको बारेमा अध्ययन गर्न रुची भएकोले ।

२) यस अध्ययन क्षेत्र शोधकर्ताको परिचित र जानकारी ठाउँ भएकोले ।

## २.२. अनुसन्धानको ढाँचा

यस अध्ययन क्षेत्रका विभिन्न जाति र उमेर समूहका महिलाहरुको शैक्षिक स्थिति र महिलाहरुको शिक्षा आर्जनमा बाधा पार्ने तत्वहरुको बारेमा अध्ययन गर्नु यस अध्ययनको मुख्य उद्देश्य भएकोले विभिन्न श्रोतहरुबाट संकलित तथ्याङ्कलाक्ष्ई वर्णन गर्ने पद्धति अपनाइएको छ अर्थात् वर्णनात्मक अनुसन्धान ढाँचालाई मुख्य रुपमा अनुशरण गरिएको छ । जसअनुसार तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी हेर्ने तथा प्राप्त तथ्यहरुको विस्तृत गरिएको छ ।

त्यसै गरी प्राप्त तथ्यलाई सोधको उद्देश्यअनुरुप व्याख्या गरिएकोले यस सोधपत्रमा व्याख्यात्मक अनुसन्धान ढाँचाको पनि प्रयोग गरिएको छ । जसअनुसार विभिन्न तथ्य र तथ्यांकको आधारमा अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्था र सामाजिक तथा

आर्थिक अवस्थाका बीचको रहेको सम्बन्धलाई व्याख्या गरिएको छ । यसै गरी व्याख्यात्मक विधि अनुसार के कस्ता तत्वहरुले महिलाको शैक्षिक अवस्थामा प्रभाव पारेका छन् भनी विश्लेषण गरिएको छ ।

## २.३ तथ्यांक संकलन विधि

कार्यक्षेत्रको आधारमा प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । यस अनुसन्धानमा अध्ययनको उद्देश्य परिपूर्तिको निमित्त अर्न्तवार्ता प्रविधिको उपयोग गरिएको छ ।

### क) अन्तवार्ता

अध्ययन क्षेत्र भक्तपुर बालकोट गा.वि.स. का ९ वडाहरुमध्ये ३ वडाका जम्मा ३० घरधुरीका महिलाहरुसँग अन्तवार्ता लिई सूचना संकलन गरिएको छ । यस अध्ययनमा अनुसन्धानकर्ता आफै उत्तरदातालाई भेटेर उत्तरदाताको सामान्य परिचय, पारिवारिक विवरण र शैक्षिक अवस्थाबारे अर्न्तवार्ता लिइएको छ । अर्न्तवार्तामा १५ देखि ७५ वर्षका महिलाहरु जो घरमा भेटिएका थिए । उनीहरुबाट आवश्यक सुचना लिइएको छ । अनुसन्धानकर्ता आफू स्वयम् त्यही गा.वि.स. को भएको र सम्पूर्ण व्यक्तिहरुसँग प्रायः परिचित भएकोले तथ्यांकहरु सत्य तथ्यमा आधारित रहेका छन् ।

## २.४ तथ्यांकको वर्गीकरण तथा प्रस्तुतीकरण

अनुसन्धानबाट प्राप्त हुन आएका विभिन्न प्रकृतिका तथ्यांकहरुलाई निश्चित गुण, विशेषता र प्रकृतिको आधारमा वर्गीकरण गरी औषत प्रतिशत र अनुपात जस्ता वर्णनात्मक उपकरणहरु प्रयोग गरी तथ्यांक विश्लेषण तथा व्याख्या गरिएको छ । साथै तथ्यांकलाई आवश्यकता अनुसार टेवलबनाई सांख्यिकीय विधि प्रयोग गरी विश्लेषण गरिएको छ ।

# अध्याय तीन

# अध्ययन क्षेत्रको जनसांख्यिक तथा सामाजिक अवस्था

## ३.१ अध्ययन क्षेत्रको सामान्य परिचय

नेपालको मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने वाग्मती अञ्चलका ८ वटा जिल्लाहरुमध्ये भक्तपुर जिल्ला पनि एक हो । यही ऐतिहासिक नगरी भक्तपुर जिल्ला भित्र पर्ने वालकोट गा.वि.स. यस अनुसन्धानको अध्ययन क्षेत्र हो ।

नेपालको राजधानी काठमाडौँ देखि मात्र ९ कि.मि. पूर्वमा रहेको बालकोट गा.वि.स दक्षिणमा ढुङ्ग्रेखोला, चरखण्डी खोला, सिरुटार र टिकाथली गा.वि.स., पश्चिममा गोदावरी खोला, टिकाथली गा.वि.स. र उत्तरमा हनुमन्ते खोला, मध्यपुर ठिमीनगरपालिका पर्दछ भने पूर्वमा दधिकोट गा.वि.स. पर्दछ ।

सदरमुकामबाट ७ कि.मि. दक्षिणतर्फ  बालकोट गा.वि.स पर्दछ ।  बहाल र कोट दुई शब्द मिली बालकोट भएको कथन छ । यहाँका प्रमुख देवता धर्मेश्वर महादेव हुन् । वलका - वकुल्ला) रुप लिएर बसेको वृतान्त हिमवत्खण्डमा परेको छ । सोही आधारमा यस बस्तकिो नाम बालकोट रहेको अनुमान गरिएको छ । बालकोटमा धर्मेश्वर महादेव, गणेश मन्दिर जस्ता धार्मिक स्थल रहेका छन् ।

## ३.२ अध्ययन क्षेत्रको जनसांख्यिक तथा सामाजिक अवस्था

ग्रामीण परिवेशमा रहेको यस गा.वि.स. भित्र २०६८ को जनगणना अनुसार १४३३ घरधुरी रहेको छ । जनसंख्या तर्फ  ४०८९ अर्थात् ५०.३१ प्रतिशत पुरुष र ४०३८ अर्थात् ४९.६८ प्रतिशत महिला रहेका छन् ।  शैक्षिक अवस्था सामन्य रहेको यस क्षेत्रमा आर्थिक, पेशागत, व्यवसायिक तथा जातीगत आधारमा हेर्दा पनि सामान्य नै रहेको छ ।

यहाँका मानिसहरुको जनजीवन सामान्य खालको रहेको छ । जातिगत आधारमा यस क्षेत्रमा बाहुन, क्षेत्री, मगर, दमाई, ठकुरी, नेवार आदि विभिन्न जातजातीको बसोवास रहेको छ । त्यसैगरी यस क्षेत्रमा नेपाली मातृभाषा बोल्नेहरुको संख्या अत्यधिक रहेको छ । यहाँ विभिन्न

धर्म मान्ने व्यक्तिहरु रहे पनि अन्य धर्मको तुलनामा हिन्दू धर्म मान्नेहरुको बाहुल्यता बढी रहेको छ ।

मुख्य पेशा कृषि रहेको यस गा.वि.स. मा आलु, धान, मकै, कोदो आदि जस्ता बालीहरु लगाउनुका साथै आफूलाई आवश्यक पर्ने तरकारी तथा पशुपालन पनि गरिन्छ । प्राःयले पशुपालन गरी दुधको व्यवसाय नै गरेको पाइन्छ । पुरानै कृषि प्रणाली अनुसार खेती गरिने हुनाले उत्पादित वस्तु आफ्नै प्रयोजनका लागि खपत हुने गर्दछन् । हाल सम्मको कृषि प्रंणालीलाई हेर्दा गुजारा र जिवीकोपार्जन किसिमको विधि यहाँका किसानले अपनाइ रहेका छन् । खेती पाति बाहेक गाई भैसी, बाखा बंगुर हाँस कुखुरा, आदि समेत यहाँ पाल्ने गरिन्छ ।

### ३.३ लिङ्गको आधारमा उत्तरदाताको परिवारको जनसंख्या विवरण

विभिन्न जातजातिका र समुदायका मानिसहरुको परिवारमा फरक फरक परिवार संख्या रहेको हुन्छ भने महिला र पुरुषको संख्यामा पनि भिन्नता हुन्छ। पारिवारिक सर्वेक्षणमा छनौट भएका ३० परिवारको जनसंख्याको विवरण यस प्रकार रहेको छ ।

**तालिका नं. ३.१ उत्तरदाताहरुको परिवारको जनसांख्यिक विवरण**

| लिङ्ग | जनसंख्या | प्रतिशत |
|---|---|---|
| महिला | ७९ | ५५.२५ |
| पुरुष | ६४ | ४४.७५ |
| जम्मा | १४३ | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७२ ।

तलिका नं. ३.१ अनुसार नमुना छनौटमा परेका ३० परिवारमा कुल जनसंख्या १४३ रहेकोमा महिलाको संख्या ७९ अर्थात ५५.२५ प्रतिशत र पुरुषको संख्या ६४ अर्थात ४४.७५ प्रतिशत छ । यस क्षेत्रको नमुना छनौटमा परेकाघरहरुको जम्मा जनसंख्यामा पुरुषको भन्दा महिलाको संख्या १५ जना बढी रहेको छ ।

## ३.४ जातिगत अवस्थाका आधारमा उत्तरदाताको विवरण

यस अध्ययन क्षेत्रका विभिन्न जातजातिका मानिसहरुको बसोवास रहेको छ । नमुना छनौट गर्ने क्रममा अनुसन्धानको निमित्त छनौट भएका यस गा.वि.स. का ३ वटा वडा (१,६ र ९) का ५ वटा जातिहरुको प्रतिनिधित्व भएको छ । तसर्थ अनुसन्धानको निम्ति छनौट भएका उत्तरदाताको जातिगत विवरण निम्नानुसार रहेको छ ।

**तलिका नं. ३.२ जातिगत आधारमा उत्तरदाताको विवरण**

| जतजाति | संख्या |
|---|---|
| क्षेत्री | १४ |
| ब्राम्हण | ७ |
| नेवार | ४ |
| दमाई | २ |
| अन्य | ३ |
| जम्मा | ३० |

स्रोत : स्थलगत अध्ययन २०७२

## ३.५ उमेरको आधारमा उत्तरदाताको विवरण

यस शोधपत्रमा ३० जना उत्तरदाताहरुको छनौट गरिएको छ। जसमा नमुना छनौटमा चयन भएका उत्तरदाताको विभिन्न उमेर समुहको संख्या रहेको छ । उत्तरदाताको संख्यालाई विभिन्न उमेर समुहमा राखी विश्लेषण गरिएको छ।

**तालिका नं. ३.३**

**उमेरको आधारमा उत्तरदाताको विवरण**

| उमेर समूह | १५-२९ | ३०-४४ | ४५-५९ | ६० देखि माथि | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | ६ | १३ | ९ | २ | ३० |

स्रोत : स्थलगत अध्ययन २०७२

तालिका नं. ४.३ मा १५ देखि ७५ वर्ष सम्मका महिलाहरु उत्तरदाता रहेका छन् । १५ वर्षभन्दा कम उमेरका महिला अपरिपक्क हुने र७५ वर्ष भन्दा बढी उमेर भएका महिला उत्तर दिन झन्झट मान्ने हुँदा १५देखि ७५ वर्ष समूहका महिलाहरु उत्तरदाताका रुपमा छनौट गरिएको छ । यी महिलाहरु आफ्नो शैक्षिक अवस्था, परिवारले आफूलाई गर्ने व्यवहार, समाजले महिला प्रति हेर्ने दृष्टिकोण आदिका बारेमा बुझेका र सोधिएका प्रश्नहरुको उत्तर दिन सक्ने अवस्थाका रहेका छन् । त्यसमध्ये सवैभन्दा बढी ३० देखि ४४ वर्षका महिला रहेका छन भने ६० देखि माथिका महिला उत्तरदाता सबैभन्दा कम रहेका छन् ।

## ३.६ वैवाहिक अवस्थाका आधारमा उत्तरदाताको विवरण

समाजलाई सूचारु र नियमसँगत रुपले चलाउन मद्धत गर्ने विभिन्न संख्या मध्ये विवाह पनि एक हो । विवाह कुन उमेरमा गर्ने भन्ने कुरालाई समाजको सामाजिक तथा साँस्कृतिक पक्षहरुले प्रभाव पारेको हुन्छ । यस अध्ययन क्षेत्रका महिलाहरुको वैवाहिक अवस्थाको आधारमा यिनीहरुको जनसांख्यिक अवस्थाको विश्लेषण गरिएको छ ।

**तलिका नं. ३.४ : वैवाहिक अवस्थाका आधारमा उत्तरदाताको विवरण**

| वैवाहिक अवस्था | संख्या | साधारण | प्रा.वि. नि.मा.वि. | मा.वि | स्नातक |
|---|---|---|---|---|---|
| विवाहित | २६ | ७ | ५ | ५ | ३ |
| अविवाहित | ४ | ० | ० | १ | ३ |
| जम्मा | ३० | ७ | ५ | ६ | ६ |

स्रोत : स्थलगत अध्ययन २०७२ ।

तलिका ३.४ अनुसार यस क्षेत्रका कुल उत्तरदता २० जना मध्ये विवाहित २६ जना र अविवाहित ४ जना रहेका छन् भने एकल महिलाका रुपमा छुट्टै बसेको महिलाहरु छैनन् । अविवाहित उत्तरदाताहरु अध्ययनरत १ जना क्षेत्री १ जना लामा र २ जना बाहुन जाति छन् । अविवाहित उत्तरदाताहरु १६ देखि २२ वर्ष उमेरका छन । जसमध्ये ३ जनाले स्नातक तह र १ जनालेमा.वि. स्तरको अध्ययनगरेका छन् । त्यस्तै विवाहित १ जना उत्तरदाता

स्नातकमा अध्ययनरत छिन् । यहाँका महिलाहरुमा प्रायः १३ देखि २२ वर्ष भित्र विवाह गर्ने चलन रहेकोले उत्तरदाताहरु प्रायः जसो विवाहित नै देखियो ।

### ३.७ परिवारको प्रकारका आधारमा उत्तरदाताको विवरण

परिवार एउटा यस्तो सामाजिकसंस्था हो जसले जैविक प्राणीको रुपमा रहेको मानवलाई सामाजिक रुपमा रुपान्तरण गर्ने कार्यको सुरुवात गर्दछ। परिवारको संरचनाको आधारमा परिवारलाई विभिन्न प्रकारमा विभाजन गरिएको हुन्छ । ग्रामीण परिवेशको यस अध्ययन क्षेत्रमा प्राय एकल परिवारहरु नै रहेका छन् । परिवारको प्रकारको आधारमा उत्तरदाताको परिवारको विवरण निम्न अनुसार रहेको छ ।

**तलिका ३.५ : परिवारको प्रकारका आधारमा उत्तरदाताको विवरण**

| परिवारको प्रकार | संख्या | अनपढ | मा.वि. सम्म | उच्च शिक्षा |
|---|---|---|---|---|
| एकल परिवार | १६ | ४ | ७ | ५ |
| संयुक्त परिवार | १४ | २ | ११ | १ |
| जम्मा | ३० | ६ | १८ | ६ |

स्रोत : स्थलगत अध्ययन २०७२ ।

तलिका नं. ३.५ अनुसार ३० जना उत्तरदताहरुमध्ये १६ जनाको परिवार एकल परिवारको रुपमा रहेको छ भने १४ जनाको परिवार संयुक्त परिवारको रुपमा रहेको छ । ३० जना उत्तरदाता मध्ये प्रायजसो एकल परिवार नै देखियो  तर ४ जना उत्तरदाताको परिवारमा विधवा सासुसँगै र १ जना उत्तरदाताको परिवारका विवाहिता आमाजु (मात्र) सँगै बस्ने गरेको पाइयो । एकल परिवारको संख्या बढी हुनुमा विवाह पश्चतात छुट्टिएर बस्ने प्रथा रहेको पाइन्छ । यी परिवारमा घरमुलीका रुपमा र पुरुषहरु नै रहेको देखिन्छ  तर ७ वटा परिवारका विधवा महिला घरमुलीका रुपमा र ३ वटा परिवारका पुरुषहरु हाल विदेशमा रहेका कारण महिला घर प्रमुख भएको पाइयो ।

त्यस्तै एकल र संयुक्त परिवारका महिलाहरु प्रायः शिक्षित नै देखियो । एक परिवारमा माध्यमिक सम्म ७ जना र सो भन्दा माथि ५ जनाले अध्ययन गरेका छन भने परिवारमा

पनि प्रायः शिक्षित नै देखिए पनि ११ जना माध्यमिक तहसम्म र १ जना उच्च तहसम्म अध्ययनरत छन् ।

कुल उत्तरदाता ३० जना मध्ये ५ जना अध्ययनरत छन भने बाँकी २५ जनाले विभिन्न कारणले पढाइ छोडेको देखिन्छ । प्रायःले विवाह भएर कामको बोझले, कोहिले बच्चा जन्माए पछि र कोहिले जागिर खान जानुपरेकोले पढाइ छाडेको बताएका छन् । एकल परिवारमा र संयुक्त परिवारमा अनपढ भने क्रमशः ४ र २ जना रहेका छन् ।

## ३.८ परिवारको आकारको आधारमा उत्तरदाताको परिवारको विवरण

पितृसत्तात्मक पारिवारिक ढाँचाको हाम्रो समाजमा अधिकांश परिवारमा पुरुषको भूमिकालाई बढी महत्व दिएको पाइन्छ । जबसम्म परिवारमा छोरा छोरी समान हुन भन्ने धारणाको विकास हुँदैन । तबसम्म त्यसले परिवारको आकारमा असर पारेको देखिन्छ । त्यसबाट यो समाज पनि अलग रहन सकेको छैन । शिक्षित परिवारमा भने महिला र पुरुष समान हुन भन्ने सोचको विकास हनु थालेको देखिन्छ । परिवारलाई सदस्य संख्याको आधारमा विभिन्न वर्गमा विभाजन गरिएको छ । जुन तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ३.६ : परिवारको सदस्य संख्याको आधारमा उत्तरदाताको विवरण**

| परिवारका सदस्य संख्या | घर संख्या | साक्षर | निराक्षर |
|---|---|---|---|
| १-४ | १३ | ११ | २ |
| ५-८ | १४ | ११ | ३ |
| ९-१२ | ३ | २ | १ |
| जम्मा | ३० | २४ | ६ |

स्रोत : स्थलगत अध्ययन २०७२

तलिका नं. ३.६ मा अध्ययन क्षेत्रमा परिवार सदस्यको आकारको आधारका ५ देखि ८ जनाको परिवार सबैभन्दा बढी रहेको छ  भने दोस्रो स्थानमा १ देखि ४ जनाको परिवार रहेको छ । त्यस्तै ९ देखि १२ जनाको परिवार सबैभन्दा कम रहेको छ । परिवारमा सदस्य संख्या बढी हुनेमा प्राय बाहुन, क्षेत्री र रजौरिया रहेका छन् ।

१-४ जनाको परिवारमा ११ जना साक्षर र २ जना निरक्षर छन भने ५-८ जनाको परिवारमा पनि ११ जना साक्षर र ३ जना निराक्षर छन् । त्यस्तै ठूलो परिवारका ९-१२ का पनि २ जना साक्षर र १ जना निरक्षर छन् । समग्रमा हेर्दा परिवार ठूलो होस वा सानो प्राय: शिक्षित नै भेटिए ।

## ३.९ पेशागत अवस्थाका आधारमा उत्तरदाताको विवरण

यहाँका मुख्य पेशा कृषि रहेता पनि हाल आएर यहाँका मानिसहरु कृषि बाहेक अन्य पेशा विशेष गरी वैदेशिक रोजगार, व्यापार, नोकरी तथा अन्य पेशामा संलग्न हुँदै गएको देखिन्छ । छनौट भएका उत्तरदाताहरुको पेशा अनुसार विवरण निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका नं. ३.७ : पेशागत अवस्थाका आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | अनपढ | प्राथमिक | माध्यमिक | उच्च शिक्षा |
|---|---|---|---|---|---|
| कृषि | १३ | २ | ३ | ८ | ० |
| व्यापार | ८ | ३ | ३ | २ | ० |
| अध्ययन | २ | ० | ० | १ | १ |
| नोकरी | ७ | १ | १ | ० | ५ |
| जम्मा | ३० | ६ | ७ | ११ | ६ |

स्रोत : स्थलगत अध्ययन २०७२

तलिका नं. ३.७ अनुसार उत्तरदाताको पेशा हेर्दा १३ जना महिलाको मुख्य पेशा कृषि रहेको छ भने ८ जना महिलाको पेशा व्यापार, ७ जना महिला नोकरी (जागिर) र २ जना महिला अध्ययनरत छन् । मुख्य पेशा बाहेक यी महिला घरधन्दा र कृषि कार्यमा समेत संलग्न रहेका छन् ।

कृषि पेशा गर्ने १३ जना महिलामध्ये २ जना अनपढ, २ जना प्राथमिक तहसम्म र ८ जना माध्यमिक तहसम्म पढेको पाइयो  भने उच्च शिक्षामा कोहि महिला पाइएन, त्यस्तै व्यापार गर्नेहरुमा पनि ३ जना अनपढ, ३ जना प्राथमिक तह र २ जना माध्यमिक तहसम्म पढेको पाइयो भने यहाँ पनि उच्च शिक्षामा कोहि महिला पाइएन । नोकरिमा पनि १ जना अनपढ, १ जना प्राथमिक तह र १ जना उच्च शिक्षा हासिल गरेका भेटियो भने २ जनामा १ जना माध्यमिक तह र १ जना उच्च तहमा अध्ययनरत पाइयो । यसबाट के देखिन आउँछ भने आफ्नो पेशा बाहेक महिलाहरु कृषि तथा घरायसी काममा पनि आबद्ध हुँदा रहेछन् ।

# अध्याय चार

## अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्था

कुनै पनि समाजलाई चेतनशील र क्रियाशिल बनाउनका लागि शिक्षाको महत्वपूर्ण भूमिका खेलेको हुन्छ। शिक्षाले सामाजिक कार्यमा प्रत्यक्ष असर पार्दछ । परिवारमा महिला शिक्षित भएमा सिङ्गो परिवार नै शिक्षित हुन्छ । यसरी पुरै परिवार शिक्षित भएमा समुन्नत समाजको निर्माणमा सहयोग पुग्दछ । त्यसैले आधा भन्दा बढी जनसंख्या ओगटेका महिला शिक्षाको विकास गर्न निकै आवश्यक देखिन्छ ।

यस अध्यायमा अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्था के कस्तो रहेको छ भन्ने विषयमा चर्चा गरिएको छ । यसै क्रममा छनौट भएका उत्तरदाता र तिनको परिवारको शैक्षिक अवस्थाका बारेमा विश्लेषण गरिएको छ ।

### ४.१ उत्तरदाताको शैक्षिक अवस्था

यस बालकोट गा.वि.स. वडा नं. १, ६ र ९ अन्तर्गत नमुना छनौटमा परेका ३० घरधुरी मध्येका सम्पूर्ण उत्तरदाताहरु महिला नै रहेका छन् । छनौट भएका महिला उत्तरदाताहरुको शैक्षिक अवस्थालाई छुट्टै अध्ययन गरिएको छ । उनीहरुको शैक्षिक अवस्थाको तालिका निम्नानुसार रहेको छ ।

**तलिका नं. ४.१**

**उत्तरदाताहरुको शैक्षिक स्थिति**

| शैक्षिक अवस्था | निरक्षर | साधारण लेखपढ | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उच्च मा.वि. | स्नातक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| संख्या | ६ | ७ | ० | ५ | ६ | २ | ४ | ३० |

स्रोत : स्थलगत अध्ययन २०७२

तलिका नं ४.१ का अनुसार छनोट भएका उत्तरदाताहरुमध्ये ६ महिलाहरु निरक्षर रहेका छन भने २४ साक्षर छन् । यसबाट के देखिन आउँछ भने निरक्षरको तुलनामा साक्षर महिलाहरु बढी छन् । शिक्षाको स्तर अनुसार महिला उत्तरदाताको सहभागिता फरक फरक संख्यामा

देखिएको‍ृ छ । शिक्षाको तहगत आधारमा हेर्ने हो भने साक्षर मध्ये सवैभन्दा बढी मा(वि. मा छन् । दोस्रो स्थानमा नि.मा.वि. अध्ययन गर्ने छन् । तेस्रो चौथो र पाँचौमा क्रमशः स्नातक, साधारण लेखपढ र उच्च मा.वि. तहका छन् । तर अध्ययनका क्रममा प्रा.वि. गर्ने कोही पनि भेटिएनन् ।

### ४.१.१ शैक्षिक सहभागिताको किसिमका आधारमा उत्तरदाताहरुको विवरण

शिक्षामा सहभागिता उत्तरदाताहरु औपचारिक तथा अनौपचारिक दुवै खाले शिक्षामा सहभागी भएकाले त्यसका अधारमा पनि उनीहरुको विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२**

**शिक्षाको मिसिमको आधारमा उत्तरदाताका विवरण**

| शिक्षाको किसिम | संख्या |
|---|---|
| औपचारिक शिक्षा | १७ |
| अनौपचारिक शिक्षा | ७ |
| जम्मा | २४ |

स्रोत : स्थलगत अध्ययन २०७२

तालिका नं. ४.२ अनुसार शिक्षामा संलग्न उत्तरदाता मध्ये १७ महिलाले औपचारिक शिक्षा लिएका छन भने बाँकी ७ जना महिलाहरुले अनौपचारिक शिक्षामा संलग्न भएको देखिन्छ । विद्यालय नजिक नहुनु, छोरीलाई स्कुल पठाउनु हुँदैन भन्ने सामाजिक धारणा, आर्थिकसमस्या घरको कामको बोझले र सानै उमेरमा विवाह गरिदिने जस्ता कारणले गर्दा पहिलाका महिलाहरु विद्यालय जान नपाएको र अहिले सरकारले निरक्षर हटाउने उद्देश्यले अनौपचारिक शिक्षा संचालन गरेको हुनाले उनीहरु आफ्नो नाम लेख्न, सहि गर्न र साधारण रुपमा पढन सक्ने भएका देखिन्छन् ।

### ४.१.२ जातीगत आधारमा उत्तरदाताको शैक्षिक अवस्था

विभिन्न जात जातिको बसोवास रहेको यस समाजमा जातिगत रुपमा उत्तरदाताको शैक्षिक अवस्थालाई हेर्दा पनि फरक देखिन आउँछ । उक्त तथ्यलाई तलको तालिकामा हेर्न सकिन्छ ।

**तालिका नं. ४.३ जातिगत आधारमा उत्तरदाताको शैक्षिक अवस्था**

| जाति | निरक्षर | साधारण लेखपढ | प्राथमिक | निम्न मा.वि. | मा.वि. | उ.मा.वि. | स्नातक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| बाहुन | १ | १ | ० | ० | १ | १ | २ | ६ |
| क्षेत्री | २ | ४ | ० | ४ | २ | १ | २ | १५ |
| नेवार | १ | १ | ० | ० | २ | ० | ० | ४ |
| दमाई | ० | १ | ० | १ | ० | ० | ० | २ |
| लामा | १ | ० | ० | ० | १ | ० | ० | २ |
| अन्य | १ | ० | ० | ० | ० | ० | ० | १ |
| जम्मा | ६ | ७ | ० | ५ | ६ | २ | ४ | ३० |

स्रोत : स्थलगत अध्ययन २०७२ ।

तलिका नं. ४.३ अनुसार बाहुन जातिमा ६ जना मध्ये ५ जना, साक्षर, क्षेत्री जातिमा १५ जना मध्ये १३ जना साक्षर नेवार जातिमा ४ जना मध्ये ३ जना साक्षर दमाई जातिमा २ जनामा दुवै जना साक्षर, लामा जातिमा २ जना मध्ये १ जना साक्षर छन् । यसरी जातिगत साक्षरता हेर्ना सबैभन्दा बढी क्षेत्री जातिको छ भने दोस्रोमा बाहुन, तेस्रोमा नेवार चौथोमा दमाई र अन्तिममा लामा जाति रहेका छन् ।

तहगत रुपमा हेर्दा बाहुनको साधारण लेखपढ, माध्यमिक, उच्च माध्यमिकमा स्नातकमा क्रमश १,१, १ र १ जना रहेका छन् । त्यस्तै क्षेत्रीमा साधारण लेखपढ, निम्न मा.वि., मावि. उच्च मा.वि. र स्नातकमा क्रमशः ४, ४, २, १ र २ जना रहेका छन् । नेवार जातिमा साधारण लेखपढमा १ जना र माविमा२ जना रहेका छन् । त्यस्तै दमाई जातिमा १ जना साधारण लेखपढ र एकजना निम्न मा.वि. मा रहेका छन् । लामा जातिमा भने १ जना

मा.वि. मा रहेका छन् । यसबाट के देखिन आउँछ भने सवै जातिमा केही निरक्षर महिलाहरु भए तापनि प्राय सवै जातिको शैक्षिक स्तर राम्रै देखिन्छन् ।

### ४.१.३ उमेर समुहको आधारमा उत्तरदाताको शैक्षिक अवस्था

कुनै पनि मानिसको उमेरले उसको शैक्षिक अवस्थालाई प्रभाव पारेको हुन्छ। उमेर अनुसार शैक्षिक अवस्थाको अध्ययन गर्दा धेरै वर्ष पहिलेका र अहिलेका महिलाहरुको तुनलात्मक शैक्षिक अवस्था थाहा पाउन सकिन्छ । यिनै कुराको महसुस गरी यस अध्ययन क्षेत्रका उत्तरदाताको उमेरगत आधारमा शैक्षिक अवस्थाको विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.४**

**उमेरगत अधारमा उत्तरदाताको शैक्षिक स्थिति**

| उमेर समुह वर्षमा | निरक्षर | साधारण लेखपढ | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि./स्नातक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १६ देखि ३० | ० | ० | ० | १ | ३ | ४ | ४ |
| ३१ देखि ४५ | ३ | २ | ० | ४ | ३ | २ | १४ |
| ४६ देखि ६० | १ | ५ | ० | ० | ० | ० | ६ |
| ६१ देखि ७५ | २ | ० | ० | ० | ० | ० | २ |
| जम्मा | ६ | ७ | ० | ५ | ६ | ६ | ३० |

स्रोत : स्थलगत अध्ययन २०७२

तालिका नं. ४.४ मा १६ देखि ३० वर्ष सम्मा उत्तरदातामा निरक्षर, साधारण लेखपढका कोही पनि रहेका छैनन भने नि.मा.वि., मा.वि. र स्नातक तहमा क्रमश १, ३ र ४ जना रहेका छन् । त्यस्तै ३१ देखि ४५ वर्ष समुहमा ३ जना निरक्षर छन भने साधारण लेखपढ नि.मा.वि., मा.वि. र उच्च मा.वि. मा क्रमशः २, ४, ३ र २ जना रहेका छन् । ४६ देखि ७५ वर्ष उमेर समूहका ६ जना मध्ये १ जना निरक्षर र ५ जना साधारण लेखपढ मात्र रहेका छन् । यसबाट के देखिन आउँछ भने जति उमेर समुह बढ्दै जान्छ त्यसै अनुसार निरक्षरको संख्या बढ्दै गएको देखिन्छ । त्यस्तै ४६ वर्ष भन्दा माथिका महिलाहरु धेरै निरक्षर रहेको र बाँकी साधारण लेखपढ गर्ने महिलाहरुले पनि अनौपचारिक शिक्षा मात्र लिएको पाइन्छ ।

### ४.१.४ वैवाहिक स्थितिका आधारमा उत्तरदाताको शैक्षिक अवस्था

समाजलाई निरन्तरता दिने विभिन्न संख्या मध्ये विवाह पनि एक हो । महिलाको वैवाहिक सम्बन्ध र शिक्षा आजको परिवर्तित समाजमा एक अर्कामा जोडिएको हुन्छ । हाम्रो समाजमा महिलाहरुले पढाइलाई निरन्तरता दिने कुरामा विवाह अघि र पछि फरक फरक परिस्थीति सिर्जना भएको देखिन्छ । तसर्थ यस अध्ययनमा वैवाहिक स्थितिका आधारमा महिलाहरुको शैक्षिक अवस्थालाई थाहा पाउनको लागि विवाहित र अविवाहित महिलाहरुको अध्ययन गरिएको छ । वैवाहिक स्थितिका आधारमा उत्तरदाताको शैक्षिक अवस्थाको विवरण निम्नानुसार रहेको छ ।

**तलिका नं. ४.५ : वैवाहिक स्थितिका आधारमा उत्तरदाताको शैक्षिक अवस्था**

| वैवाहिक अवस्था | निरक्षर | साधारण लेखपढ | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. | स्नातक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| विवाहित | ६ | ७ | ० | ५ | ५ | २ | १ | २६ |
| अविवाहित | ० | ० | ० | ० | १ | ० | ३ | ४ |
| जम्मा | ६ | ७ | ० | ५ | ६ | २ | ४ | ३० |

स्रोत : स्थलगत अध्ययन २०७२

तलिका नं. ४.५ अनुसार वैवाहिक स्थितिका आधारमा यहाँको शैक्षिक अवस्था हेर्दा विवाहितमा निरक्षर र साधारण लेखपढ ६ र ७ रहेका छन् भने अविवाहित संख्या यस तहमा देखिँदैनन् । त्यस्तै अविवाहित संख्या नरहेको तह प्रा.वि., नि.मा.वि., र उच्च मा.वि. पनि हो । स्नातक तहमा भने महिलाहरु अध्ययनरत पाइयो । प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा अविवाहित भन्दा विवाहित संख्या बढी छ भने उ.मा.वि. मा विवाहित भन्दा अविवाहिताको संख्या बढी देखिन्छ। यसबाट के देखिन आउँछ भने विवाह पश्चात महिलाहरुको शिक्षाको निरन्तरता घट्दै गएको छ ।

विवाह पश्चात् घरको काम, खेतीपाती, बुढा सासूससुरा, परिवार, बच्चा पछि पढाइलाई समय नहुने हुँदा प्रायःले विवाह पश्चात् पढाइ छाडेको बताए । अविवाहित हुँदा भने घरको काम गरेपछि सासूससुरा, बच्चा, परिवार हुँदैनन् , काम भए पनि बुबाआमाले हेर्ने हुँदा कामको त्यति बोझ नहुने र समय हुने हुँदा पढाइलाई निरन्तरता दिन पाउने बताउँछन् ।

### ४.२ उत्तरदाताको महिला शिक्षा प्रतिको धारणा

महिला शिक्षा सम्बन्धी आफ्नो धारणा राख्ने उत्तरदाताहरुले महिलालाई शिक्षा दिन आवश्यक छ भनेकाछन् । उनीहरुले जागिर खाइ पैसा कमाउन, आत्म निर्भर बन्न, रोजगारीको अवसर प्राप्त गर्न, तथा आफू लगायत आफ्नो परिवार शिक्षित गराउन महिला शिक्षाको आवश्यकता महससु गरेका छन् । त्यसै गरी समाजमा आफू शिक्षित भई जनचेतना जगाई अरु महिलालाई पढ्न प्रोत्साहन गर्न, आफूले पढेर कुनै पनि व्यवसाय गर्न, सक्षम हुन, नयाँ तथा आधुनिक प्रविधिहरु थाहा पाउन महिलालाई शिक्षाको आवश्यकता छ भनेका छन् । केही उत्तरदाताहरुले फोन, मोवाइल र इन्टरनेटबाट देश विदेशमा रहेका आफन्तहरुसँग कुरा गर्न र संसारमा भएका विकासका गतिविधिहरु थहा पाउन र हेर्नको लागि पनि पढ्नु पर्ने धारणा राखेका छन् ।

# अध्याय पाँच

## महिला शिक्षालाई प्रभावित गर्ने प्रमुख जिम्मेवार तत्वहरु

नेपाली समजमा शिक्षामा पुरुष र महिला बीच समानुपातिक अवस्था विद्यमान रहन नसक्नुका मुख्य कारण शिक्षामा गरिने लैङ्गिक विभेद नै हो । समाजका यस्ता किसिमका विभेदहरु सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक आदि जस्ता तत्वहरुको आडमा गर्ने गरिएको छ। जसले महिला शिक्षालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित गरिहेका छन् । शिक्षामा हुने महिलाको शुरु सहभागिता देखि लिएर सहभागी भइसकेकाहरुको निरन्तरता सम्म यी तत्वहरुले प्रभाव पारिरहेका हुन्छन् । तिनै तत्वहरु हुन जसले विगतमा महिलाको शिक्षामा हुने शुरु सहभागिता माथि नियन्त्रण गर्दथे भने वर्तमान महिलाको शिक्षामा हुने निरन्तरता माथि अवरोध खडा गर्ने काम गरिरहेका छन् । समग्रमा ती विभिन्न तत्वहरुले एक त महिलाको शिक्षामा हुने निरन्तरता माथि नै प्रभावित गरिरहेका हुन्छन भने महिला पुरुष दुवैको उच्च शिक्षा सम्म नै समान पहुँच कायम राख्ने जस्ता महतवपूर्ण विषयमाथि प्रभावित र नियन्त्रण गरिरहेका हुन्छन । त्यसैले यस अनुसन्धानमा गरिएका विभिन्न खोजमूलक प्रयासहरुको परिणाम स्वरुप महिला शिक्षालाई प्रभावित गर्ने केही जिम्मेवार तत्वहरुको पहिचान हुन आएको छ । यसरी प्राप्त हुन आएका महिला शिक्षालाई प्रभावित गर्ने केही जिम्मेवार तत्वहरुलाई उत्तरदाताहरुले दिएको प्राथमिकता तथा महत्वको आधारमा सुचिकृत गरिएको छ, जुन निम्नानुसार रहेका छन् ।

### ४.१ पारिवारिक पृष्ठभूमी

हरेक मानिस कुनै न कुनै परिवारको एक प्रतिनिधि वा सदस्यका रुपमा रहेकोले उसका वानी, व्यवहार, क्रियाकलाप, चालचलन आदि जस्ता कुराहरुमा उ आफु रहे बसेको परिवारको प्रत्यक्ष प्रभाव रहेको हुन्छ । त्यसैले पारिवारिक पृष्ठभूमी महिला शिक्षालाई प्रभावित गर्ने कारक तत्वको रुपमा रहेको छ । परिवारका विभिन्न मूल्य मान्यता प्रथा प्रचलन, व्यवहार अनि परिवारको आकार र उनीहरुको शैक्षिक अवस्थाको जगमा महिला शिक्षा उभिएको हुन्छ ।

महिला शिक्षालाई प्रभावित गर्ने अझ महत्वपूर्ण तत्व परिवारको शैक्षिक अवस्था वा वातावरण हो । परिवारमा आफूभन्दा ठूला सदस्यहरु शिक्षित छन् भने स्वाभाविक रुपमा

त्यस परिवारका महिलाहरु पनि शिक्षित हुन सक्छन तर आफू भन्दा साना सदस्यहरु शिक्षित भएर खासै कुनै योगदान दिन सक्दैन । त्यसैले शैक्षिक सहभागिता अनि त्यसको निरन्तरतामा परिवारको शैक्षिक अवस्थाको ठूलो प्रभाव रहेको हुन्छ। बबु आमा वा दिदीहरु शिक्षित भएमा बहिनिकोर सासु ससुरा वा श्रमिान् शिक्षित भएमा बुहारीको शैक्षिक अवस्था सवल बन सक्दछ । आफ्नो परिवारका महिला सदस्यहरु त्यसमा पनि विशेष गरी छोरीलाई समयमा विद्यालय पठाउने जस्ता कार्यमा समेत परिवारका सदस्यको शैक्षिक स्तरले प्रभावित पारेको देखिएको छ । ३ जना उत्तरदातासँग लिइएको अन्तरवार्तामा २ जना उत्तरदाताहरु उनीहरुको बुबा शिक्षक भएकोले, १ जनाको बुबा जागिरे भएकाले उच्च मा.वि. सम्म पढ्न पाएको बताउँछन् । १ जना विवाहित उत्तरदाताले भने आफ्नो श्रमिान् वकिल भएकोले पढाइमा निरन्तरता पाएको बताएकी छिन् ।

## ५.२ कार्यबोझ

कृषि प्रधान देश नेपालका जनताहरुले काममा धेरै नै खट्नु पर्ने बाध्यता रहेको छ । त्यसमा पनि हाम्रो समाजमा पुरुषको तुलनामा महिलाले नै बढी काम गर्नुपर्ने बाध्यतात्मक अवस्था छ । अनुसन्धानको निमित्त छनौट भएका ३० परिवारको कार्यबोझ सम्बन्धी अवस्थालाई हेर्ने हो भने पुरुषहरु प्रायः घर बाहिरका काममा संलग्न रहेका हुन्छन भने महिलाहरु घरभित्र र घर बाहिर दुवै तर्फका काममा सहभागि रहेका देखिन्छन् । त्यसै गरी अनुसन्धानको क्रममा उत्तरदताहरुलाई घरको घरायसी काम कसले बढी गर्दछ र किन ? त्यस्तै बच्चाहरुले कुन कुन काममा सघाउँछन्  भन्ने प्रश्नहरु राखिएको थियो, जसमा बुहारी भएको घरमा बुहारीले बुहारी नभएको घरमा छोरी छ भने छोरीले र यदि छोरी बुहारी छैनन भने उत्तरदाता महिला आफैले नै घरको सम्पूर्ण काम गर्ने जस्ता सम्पूर्ण महिलाहरुको भनाइ रहेको छ ।

यस प्रकार कामको बढी बोझको कारणले कतिपय महिलाहरुलाई अध्ययनमा संलग्न हुन मौका नै दिइँदैन भने मौका पाएकाहरुलाई पनि विद्यालयबाट छुटाइन्छ । काम धन्दाको कारण विद्यालय नपठाउनु पुरुषभन्दा महिलालाई नै रोज्ने परिपाटी रहेको छ । त्यसै गरी विद्यालयबाट नछुटाइएका महिलाहरु पनि परम्परागत घरभित्र र घरबाहिरका कामको बोझले गर्द बारम्बार परीक्षामा असफल भई अन्ततोगत्वा अध्ययन नै छोड्न बाध्य भएका छन् ।

महिलाहरु स्वयं पनि त्यस्तै परिवेशमा आफूलाई ढालेर पुरुषलाई माथिल्लो स्तरमा राखेका छन् ।

उत्तरदाता महिलाहरु मुख्य पेशा बाहेक घरधन्दाको काम आफै गर्नु पर्ने हुँदा कामको बोझ बढी भएको बताएका छन् । हाल अध्ययनरत ५ जना उत्तरदातासँग लिइएको अन्तरवार्तमा उनीहरुको भनाइ एकै खालको पाइएको थियो । उनीहरु घर भित्र र बारिहको काममा सहयोग गर्नुपर्ने हुँदा विद्यालय समय बाहेक पढाइलाई धेरै समय नपाउने बताउँछन् ।

उत्तरदाता मध्येकी एक २६ वर्षीय स्नातकमा पढ्ने शमिच्छा गुप्ताको भनाइ यस्तो छ । "म एक छोराको आमा छु । २३ वर्षमा १२ सकिएपछि मेरो विहे भयो । म बुहारीको भूमीकामा घर भित्र र बाहिरको काम गर्दै आएको छु । हाल २ महिनाको छोराको स्याहार र घरको कामको बोझले मैले घरमा पढ्ने समय नपाएकोले पढाइमा साह्रो असर परेको छ। अब पढ्न सक्तिन जस्तो लाग्छ ।"

माथिको तथ्य विश्लेषणबाट के थाहा हुन्छ भने महिलाले घर भित्र र बाहिरको कममा लाग्नु पर्ने बाध्यता रहेको यहाँको समाजमा महिलाको कार्य बोझ अध्ययनमा संलग्नता तथा निरन्तरताको लागि प्रत्यक्ष रुपमा असर गर्ने भएकोले यो महिलाको शिक्षा क्षेत्रलाई प्रभाव पार्ने एक महत्वपूर्ण तथ्य हो ।

### ५.३ आर्थिक अवस्था

आर्थिक अवस्था महिलाको शिक्षण संस्थामा हुने प्रथम सहभागितामा र त्यसको निरन्तरतामा मात्र प्रभाव नपारी शैक्षिक अवसर र सुविधा समेतमा नकारात्मक असर पुर्‍याएको हुन्छ आर्थिक अवस्था राम्रो भयो भने शिक्षाको माथिल्लो तहसम्म निरन्तर अध्ययन गर्न सक्ने सम्भावना रहन्छ। तर आर्थिक अवस्था कमजोर रहेको छ भने जतिसुकै क्षमतावान र लगनशील व्यक्ति भए पनि माथिल्लो तहसम्म शिक्षा लिनबाट बञ्चित हुनुपर्ने बाध्यता रहेको हुन्छ । गरिवीको कारणले एक त कार्यभार बढ्न गई अध्ययनमा संलग्नता र निरन्तरतामा विराम लगाउँछ भने अर्को तर्फ अध्ययनमा संलग्न रहिरहेकाहरु पनि कार्यबोझको कारणले पढ्ने समयको अभावमा अध्ययनमा कमजोर हुन गई बारम्बार परीक्षामा असफल भएको कारणले शैक्षिक अवस्था न्यून हुने मात्र होइन अन्ततोगत्व अध्ययनकै निरन्तरतामा ठेस लाग्ने गर्दछ ।

जुनसुकै क्षेत्र वा ठाउँमा मानिसको जीवनस्तर उनीहरुको आर्थिक अवस्थाले निर्धारण गर्दछ। सोही अनुसार आर्थिक अवस्थाले निर्धारण गरे बमोजिम यस क्षेत्रका मानिसहरुको जीवनस्तर उच्च किसिमको देखिदैन । आर्थिक अभावको कारण अधिकांश समय काममा लाग्नु पर्ने वाध्यता रहेको यहाँको समाजमा गरिविले शैक्षिक क्षेत्रलाई पनि नराम्रो प्रभाव पारेको छ । उत्तरदाता मध्ये प्रायजसोले केवल गरिविकै कारण आफ्नो पढ्ने इच्छा हुँदा हुँदै पनि अध्ययनमा संलग्न हुन नपाएको र भएकाले पनि निरन्तरता दिन नसकेको धारणा राखेका छन् ।

उत्तरदाता बालकोट छ की १ छोरा १ छोरीको आमा वर्ष ३७ कि सरिता परियारको भनाइ यस्तो छ । “घरको आर्थिक अवस्था कमजोर थियो । आमा र बुबा गाउँमा लुगा सिउनु हुन्थ्यो । तर आर्थिक अवस्था धेरै नै कमजोर भएका कारण खान नपुगी पढाइ छोडेर म पनि काममा लागे । तर म १०/१२ वर्षको हुँदा आमा पनि बित्नु भयो । त्यतिखेर १० मात्रै पढेको भए पनि हाम्रो परिवारको दुःख देखेर एक जनाले जागिर लगाइ दिन्छु भन्नु भएको थियो तर पढाइले गर्दा जागिर खान पाइएन अहिले साह्रै दुःख लाग्छ । त्यतिखेर पढ्ने बेलामा अर्काको घरमा लुगा सिउन जानु पर्‍यो बाध्यताले मेरो पढ्ने इच्छा अपुरो रह्यो ।”

माथिका तथ्य विश्लेषणबाट के थाहा हुन्छ भने आर्थिक अभावको कारण अधिकांश समय काममा लाग्नु पर्ने बाध्यता रहेको यहाँका समाजमा गरिविले शैक्षिक क्षेत्रलाई पनि नराम्रो प्रभाव पारेकोले आर्थिक अवस्था महिला शिक्षालाई प्रभाव पार्ने महत्वपूर्ण तत्व हो ।

## **५.४ चेतनाको कमी**

ग्रामीण बस्तीहरुको बाहुल्यता रहेको नेपाली समाजमा शिक्षा आवश्यक छ भन्ने कुराको चेतना अझैसम्म पनि देशका कुना काप्चामा पुग्न सकेको छैन । शिक्षाले के गर्दछ यो प्राप्त गर्नु किन आवश्यक छ र जीवनमा यसको महत्व के छ ? आदि जस्ता कुराहरुको जानकारी नहुँदा ग्रामीण क्षेत्रका मानिसहरु अझै शिक्षाको महत्वलाई बुझ्न नसकी अशिक्षाको चपेटामा परेका देखिन्छन् । अनुसन्धानको निमित्त छनौट भएको यो क्षेत्र पनि तिनै ग्रामीण समाज मध्ये एक भएकोले उक्त तथ्यको अपवाद हुन सक्दैन् । विगतका दिनहरुमा महिलालाई पढ्ने र पढाउनु आवश्यक छ भन्ने कुराको चेतना अभिभावक र स्वयं महिलामा पनि नभएको अध्ययनमा संलग्न रहेका उत्तरदाताहरुको धारणा छ । चेतनाको अभावका

कारण यहाँका समाजमा महिलाहरु पढाउने चलन विगतमा नहुनाले स्वयम महिलाहरु पनि पढन नगएको देखिन्छ भने वर्तमानमा छोरीले पनि पढ्नु पर्दछ भन्ने मान्यता कायम रहेको उत्तरदाताहरु बताउँछन् । तर सामान्य तथा माध्यमिक शिक्षा लिने बेलामा नै विवाह गरिदिने परिपाटी र विवाह पछाडी पढाउनु नपर्ने भन्ने मान्यताले गर्दा माध्यमिक शिक्षा पछि पर्छ भन्ने बर्तमानमा पनि महिलाहरुको कम संलग्नता रहन गएको देखिन्छ ।

उत्तरदाताहरुमध्ये ७० वर्षकी कान्छी घिमिरे, ५७ वर्षकी सारदा काफ्ले, ६२ वर्षकी शान्ता रजौरिया र ४६ वर्षकी सानुमाया श्रेष्ठले पढन रुची नभएको र पढ्नु पर्दछ भन्ने चेतना नभएका कारण गाउँमा विद्यालय हुँदा हुँदैन पनि विद्यालय नगएको धारणा राखेका छन । तर अहिले उनीहरु प्रौढ शिक्षामा सहमागी भएको र आफ्नो सही गर्न सक्ने भएको बनाउँछन् ।

त्यस्तै वर्ष ५४ कि गोमा महतको भनाइ यस प्रकार छ । “म ७ वर्षको उमेरमा स्कुल भनाइ भएको थिएँ । भर्ना भएको स्कुल पुरानो थियो केही पछि भत्कियो अनि त्यहि स्कुल अलि टाढा बनाए तर स्कुल भन्दा गोठालो र घाँस जानु रमाइलो लाग्थ्यो अनि स्कुल जान छोडी साथीहरु सँग गोठालो र घाँस जान थालैं । पढेर के हुन्छ र? भने लाग्यो , अनि पढ्न छोडैं ।”

माथिको तथ्य विश्लेषणबाट के थाहा हुन्छ भने चेतना महिला शिक्षाको निमित्त एक महत्वपूर्ण जिम्मेवार कारण तत्व हो । यसको कारणले विद्यालय उमेरका महिला विद्यालयमा सहभागि हुन नसके पनि बुझ्ने भए पछि शैक्षिक सहभागिता जनाएको देखिएको छ । त्यसै सरकाले चलाएको साक्षरता कार्यक्रमले पनि प्रौढ महिलाहरुमा पढ्नु पर्ने चेतना विकास भएको पाइन्छ । महिलाहरु आफ्नो काम सकेर प्रौढ शिक्षामा सहभागि भएको बताउँछन् । जसका कारण उनीहरु निरक्षर हुन नपरेको बताउँछन्  । वास्तवमा चेतनाले महिलाको शिक्षामा हुने सुरु सहभागिता र निरन्तरताको निमित्त महत्वपूर्ण योगदान दिन सक्दछ ।

## ५.५ विवाह

विवाह महिला शिक्षालाई प्रभावित पार्ने अर्को महत्वपूर्ण तत्वको रुपमा रहेको छ । यहाँको समाजमा अझैपनि शिक्षालाई महिलाको विवाहको निमित्त आवश्यक योग्यताको आधारको रुपमा लिने गरेको पाईन्छ । यस समाजमा विवाह पश्चात महिलाको पढाईलाई महत्व नदिइने भएको कारणले गर्दा पनि विवाह महिलाको शिक्षालाई प्रभावित गर्ने महत्वपूर्ण

तत्वको रुपमा रहेको छ । समग्रमा भन्नु भन्दा विवाहले विगतमा महिला शिक्षाको प्रथम सहभागीता नै प्रभाव पर्ने गरेको भएपनि वर्तमानमा यसल महिला शिक्षाको निरन्तरतामा ठूलो असर पुर्याएको छ ।

महिला शिक्षालाई प्रभावित गर्ने प्रमुख तत्वहरु के के हुन् ? भन्ने प्रश्नको जवाफमा उनीहरुले विवाह नै प्रमुख कारण मानेका छन् । यहाँ प्राय जसो मागि विवाह गर्ने चलन देखिन्छ । तर कोही कोहीले प्रेम (भागी) विवाह पनि गरेको देखिन्छ । उत्तरदाताहरु मध्ये ५ जना विवाहित महिलाले विवाह पूर्व आफुहरुले अध्ययन गरिरहेको र विवाह पश्चात आफ्नो अध्ययन पूरा गर्न नसकेको धारणा राखेका छन् ।

हाम्रो समाजमा केही वर्ष पहिले महिलाहरुको विवाह सानो उमेरमा गरिने भए पनि अहिले सानैमा विवाह गर्ने पक्षमा भने रहेका छैनन् । हुन त शिक्षीत महिलाहरुको तुलनामा कम शिक्षित वा अशिक्षित महिलाहरु केही चाँडो उमेरमा विवाह गर्नुपर्ने धारणा राख्दछन् । तर प्राप्त तथ्यांकका आधारमा १६ वर्ष भन्दा कम उमेरमा विवाह गर्नुपर्ने अपेक्षा भने कसैको रहेको छैन । अत्तरदाताहरु मध्ये प्रायले विवाह गर्ने उमेर २१ देखि २५ वर्षलाई मानेका छन् ।

## ५.६ महिला शिक्षा प्रति समाजको धारणा

लैङ्गिक विभेदको कारण हरेक क्षेत्रमा पुरुषको तुलनामा महिलाको अवस्था कमजोर रहेको परिवेशमा शिक्षा पनि त्यसमा अपवाद हुन सक्दैन । एकत महिला शिक्षा प्रतिको नकारात्मक सोचाईले गर्दा उनीहरुको शैक्षिक अवस्था कमजोर रहेको छ भने अर्को तर्फ शिक्षा बाहेकको अन्य क्षेत्रमा गरिएको लैङ्गिक विभेदले महिला शिक्षामा समेत प्रत्यक्ष असर पारेको छ । यहाँ घरभित्रका कामहरु महिलाले मात्र गर्नुपर्छ, छोरीलाई पढाउनु हुँदैन र रजस्वला नहुँदै विवाह गरे धर्म हुन्छ र बुहारीले उपेक्षीत जीवन विताउनु पर्छ भन्ने जस्ता लैङ्गिक विभेदले महिलाको शिक्षामा नराम्रो प्रभाव पारेको देखिन्छ । छोरीलाई घरायसी तथा असजिलो काममा लगाउने र घरमा पढ्ने समय नदिने प्रवृत्ति देखिन्छ । एक जना उत्तरदाता सविता थापासँग लिएको अन्तवार्तामा उनको भनाई यस्तो छ, “म ५९ वर्षको भए । १९ वर्षको उमेरमा मेरो विवाह भयो । अहिले ३ छोरा २ छोरी छन् । घर नजिकै स्कुल भएपनि छोरीलाई पढाएर के हुन्छ र ? छोराले त पछि पाल्छ भन्ने समाजको सोचाईले गर्दा मैले

स्कुल जानुको साटो घरको काममा लाग्नु पर्‍यो । सानै देखि घास दाउरा र गाई बाख्रा चराउन "हिड्नु परेको अनि पढ्न नपाएको पीडा उनको छ ।"

त्यस्तै अर्को एक जना उत्तरदातासँग लिएको अन्तवार्ता यस्तो छ, “मेरो नाम दिलमाया श्रेष्ठ हो । म ४९ बर्षको भए । १७ वर्षको उमेरमा मेरो विवाह भयो । अहिले मेरो ४ जना छोरीहरु छन् । ६/७ वर्षको उमेरमा पढ्न नजिकैको स्कुलमा १ कक्षामा भर्ना भएको तर २ कक्षा पढ्दा पढ्दै छोरीलाई पढाए पोइल जान्छन् भनेर पढ्न छुटाएर घरको काम गर्न लगाए । सानै उमेरमा विवाह गरेर पठाए पछि अहिले घरको काम र खेतीपातीमा व्यस्त छु । १ कक्षाको पढाइले क ख लेख्न पनि नजानेर अहिले गाउँमै प्रौढ शिक्षा पढेपछि अहिले नाम लेख्न र सही गर्न सक्ने भएकी छु । छोरी भएको कारणले पढ्न नपाएकी मैले अहिले मेरी ४ वटै छारीलाई आफूले दुःख गरेर भएपनि बोडिङ्ग स्कुलमा पढाएको छु ।"

माथिको तथ्य विश्लेषणबाट केथाहा हुन्छ भने समाजमा महिला शिक्षा प्रतिको धारणा एक महत्वपूर्ण जिम्मेवार कारण तत्व हो । केही समय पहिला समाजमा महिला शिक्षा प्रति देखिएको नकरात्मक धारणामा हाल परिवर्तन आएको छ । जसका कारण निरक्षर बाबु आमाले पनि अहिले आफ्ना छोरा र छोरीलाई समान रुपमा पढाएको देखिन्छ ।

### ५.७भौगोलिक आधार

विकासको प्रमुख आधार स्तम्भको रुपमा रहेको शिक्षालाई भौगोलिक विकटताले नराम्रो प्रभाव पारेको छ । त्यसमा पनि महिला प्रतिको पूर्वाग्रही धारणा रहेको यहाँको समाज महिला शिक्षामा यसको प्रभाव अझ वढि देख्न सकिन्छ । भौगोलिक विकटताले गर्दा अध्ययन गर्न चाहँदा चाहँदै पनि अध्ययन स्रस्थाको दुरता र जाने आउने समस्याले गदा शिक्षामा ठूलै असर गरेको छ । जसको असर पुरुषको तुलनामा महिला शिक्षामा नै बढि देखिन्छ । विद्यालयमा सहभागी हुनुपर्ने निर्धारित उमेरमा विद्यालय जान नसक्ने र सक्ने भए पनि छिट्टै विवाह गरिदिने परिपाटिले एकातिर महिला शिक्षालाई नकारात्मक प्रभाव पारेको छ भने अर्का तर्फ जवान महीलालाई टाढा पठाउँदा असुरक्षित ठानिने र समाजले समेत नपचाउने हुँदा पनि महिलाहरु शैक्षिक क्षेत्रमा पछाडी परेका देखिन्छन् । ग्रामिण समुदायमा विद्यालयहरु नभएकोले गर्दा ४० वर्ष भन्दा माथि उमेरका पुरुष र महिलाहरु शिक्षाको ज्योतीबाट वन्चित रहेका छन् त्यसमा पनि महिलाको संख्या नै वढि छ । ४० वर्ष माथिका

उत्तरदाताहरु मध्ये १ जना गायत्री थापाले गाउँको विद्यालयमा पढेको र त्यसपछि अर्को गाउँको विद्यालयमा जानुपर्ने भएको तर घरबाट नपठाएकोले पढ्न छोडेको वताएकी छन् । उत्तरदाता बालकोट ९ की ४५ वर्षिय बिन्दा खड्काको भनाई यस्तो छ : "म ४५ वर्षको भएँ । १९ वर्षको उमेरमा मेरो विवाह भयो । अहिले १ छोरा र ३ छोरीहरु छन् । गाउँमा नजिकै स्कूल नभएको र बुवाले छोरीलाई टाढा पढ्न पठाउनु हुन्न भनेर नपठाएको हो । आफुले पढ्न नपाए पनि मेरा ३ वटै छोरीलाई पढ्न पठाएको छु ।"

# अध्याय - छ

## सारांश र निस्कर्ष

अनुसन्धानको निमित्त चयन गरिएको यस 'बालकोट गा.वि.स.का महिलाहरुको शैक्षिक अवस्था : एक समाजशास्त्रीय अध्ययन' नामक बिषयमा गरिएको गहन अध्ययन, अन्तवार्ता तथा विभिन्न तथ्यांक संकलन र व्याख्या विश्लेषण बाट प्राप्त हुन आएका तथ्यहरुको सारांश र निस्कर्ष दिने प्रयास यस अध्यायमा गरिएको छ ।

### ६.१ सारांस

शिक्षित जनशक्ति नै राष्ट्रका अमुल्य सम्पदा र प्रगतिका सम्बाहक हुन् भने शिक्षा सामाजिक परिवर्तन, समाजका मान्यताहरुको संरक्षण र सुधारको बाहक हो । शिक्षामा लैङ्गिक समानुपातिक वितरण हुन नसक्दा समाजले अपेक्षित प्रगतिको फड्को मार्न सकेको छैन । मुलुकको आधा भन्दा वढिजनसंख्या ओगटेर वसेका महिलाहरुको शैक्षिक अवस्थामा दिनानुदिन सुधार आइरहे पनि वास्तवमा उनीहरुको शैक्षिक अवस्था कमजोर रहेको छ भने पुरुष र महिलाको शैक्षिक दुरी समेत फराकिलो छ । यसको मुल कारण महिला वर्गलाई शैक्षिक नीति तर्जुमामा सहभागि नगरिनु नै हो ।

महिला शिक्षासँग सम्बन्धित विविध पक्षको अध्ययन गर्ने उद्देश्यका साथ गरिएको यस अनुसन्धानमा अध्ययन क्षेत्रका महिलाको शैक्षिक अवस्था बुझ्ने र समाजमा विद्यमान महिलाहरुको शैक्षिक अवस्थामा प्रभाव पार्ने तत्वहरुको पहिचान गर्नु यसको मुख्य उद्देश्य रहेको छ ।

भक्तपुर जिल्लाको बालकोट गा.वि.स. मा ९ वटा वडाहरु रहेको छन् । यस अध्ययनमा उक्त गा.वि.स. का वडा नं १, ६ र ९ मा केन्द्रित रहेको छ । यी गाउँका सबै घर परिवारलाई समेट्न नसकिने भएकोले दैविक नमुा छनौट विधि अन्तर्गत ३० घर परिवारलाई नमुनाको रुपमा छनौट गरिएको छ । यस अध्ययनका लागि उत्तरदातामा १६ देखि ७० वर्ष उमेर सम्मका महिलाहरु छन् ।

शोध अध्ययनका कममा छनौटमा परेका ३० जना उत्तरदाताहरु मध्ये बाहुन ६ जना, क्षेत्री १५ जना, नेवार ४ जना, दमाई २ जना, लामा र अन्य २ र १ जना छन् । उत्तरदाताहरु मध्ये २४ जना साक्षर र ६ जना निरक्षर महिलाहरु रहेका छन् । साक्षर २४ जनामा ७ जना

साधारण लेखपढ गर्ने छन् भने विद्यालय स्तरको अध्ययनमा उनीहरुको संख्या क्रमश : घट्दै गएको देखिन्छ ।

३० जना उत्तरदाता घरधुरीको जम्मा जनसंख्या १४३ रहेकोमा महिला र पुरुषको जनसंख्या क्रमश : ७९ अर्थात ५५.२४ प्रतिशत् र ६४ अर्थात ४४.७५ प्रतिशत रहेको छ । यहाँ उत्तरदाताको महिलाहरुको नि.मा.वि. सम्मको शैक्षिक अवस्था सन्तोषजनक रहेपनि सो माथिको योग्यतामा भने कम सहभागिता रहेको छ ।

चेतनाको कमि, कार्यबोझ, आर्थिक अवस्था, विवाह, पारिवारिक पृष्ठभुमि, समाजको धारणा र भौगोलिक अवस्था आदि तत्वहरुले महिला शिक्षालाई प्रभावित पारको देखिन्छ । अभिभावकको चेतनाको कमि महिला शिक्षालाई प्रभावित गर्ने प्रमुख तत्व मध्ये एक हो । चेतनाको कमिको कारण यहाँका अभिभावकहरुले आफ्नो परिवारका महिलाहरुलाई पढ्नका लागि प्रेरित गर्न सकेका छैनन् । छोरा को लागि आर्थिक लगानी बढी र प्रतिभाशाली व्यक्ति वनाउने र छोरीका लागि सामान्य शिक्षा भए पुग्छ भन्ने धारणा रहेका देखिन्छ ।

यस समाजमा महिलाहरु घर भित्र र बाहिरको दुवै काम गर्नुपर्ने बाध्यताले गर्दा कार्यबोझ बढी भई अध्ययनमा समय दिन सक्दैनन् र सहभागि भइहाले पनि निरन्तरता दिन सकेका छैनन् । पढ्न पाउनु पर्छ भन्ने धारणा राख्ने महिलाहरु पनि स्वयं विवाहका कारण पढ्न छोडेका छन् । विगतका तुलनामा यस क्षेत्रका महिलाहरुको माथिका तहमा बढ्दो पँहुच रहेको छ ।

कमजोर आर्थिक अवस्थाको कारणले गर्दा महिलाहरु पढ्ने इच्छा हुँदाहुँदै पनि अध्ययनमा निरन्तरता दिन सकेका छैनन् । मुख्य पेशा कृषि भएको र त्यसले मात्र जिविका धान्न गाह्रो भएको अवस्थामा महिला शिक्षामा यसले प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

त्यस्तै विवाह महिला शिक्षालाई प्रभावित गर्ने अर्को महत्वपूर्ण तत्वको रुपमा रहेको छ । यहााको समाजमा शिक्षालाई केवल विवाहको निमित्त आवश्यक योग्यताको आधारमा समेत लिने गरको पाइन्छ । बुहारीले पढ्न नहुने मान्यता रहेको यस समाजमा विवाहित महिलाको पढाइलाई महत्व नदिइने भएको कारणले गर्दा पनि विवाह महिला शिक्षालाई प्रभावित गर्ने महत्वपूर्ण तत्वको रुपमा रहेको छ । समग्रमा भन्नु पर्दा विवाहले विगतमा महिला शिक्षाको प्रथम सहभागीता नै प्रभाव पार्ने गरेको भए पनि बर्तमानमा यसले महिला शिक्षाको निरन्तरतामा ठूलो असर पुऱ्याको छ ।

## ६.२ निष्कर्ष

यहाँको मानिसहरुको मुख्य पेशा कृषि भएता पनि आधा भन्दा बढी परिवारलाई आफ्नो कृषि उत्पादनले खान पुग्दैन । यहाँ महिलाहरको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनितिक लगायतका क्षेत्रमा कमजोर अवस्था रहेको छ । यहाँका अधिकांश महिलाहरुको निजी आम्दानीको श्रोत छैन भने निजी आम्दानीको श्रोत हुनेहरुका पनि सम्पत्ति माथिको नियन्त्रण रहन सकेको छैन ।

यहाँको समग्र शैक्षिक अवस्था र लैगिंक समानता सन्तोषजनक रहेको छैन । ३० वर्ष उमेर समुह भन्दा माथिका महिलाहरुको शिक्षाको तह घट्दै गएको पाइन्छ । यहाँको समाजमा बुहारीको शिक्षालाई महत्व नदिने कारणले गर्दा जतिसुकै प्रतिभाशाली भएतापनि विवाह पश्चात वीचैमा अध्ययन छोड्न महिलाहरु बाध्य छन् । यहाँका प्राय अविवाहित महिलाहरु औपचारीक शिक्षामा सामेल छन् भने विवाहित निरक्षरहरु मात्र अनौपचारिक शिक्षामा सामेल देखिन्छन् । अनौपचारिक शिक्षा कार्यक्रम पनि प्रभावकारी हुन नसक्दा थुप्रै महिलाहरु साक्षर हुनबाट बन्चित देखिन्छन् लैङ्गिक समानतामा पुर्वाग्रही यस समाजमा महिला शिक्षामा हुनेसुरु सहभागिता देखि निश्चित तह पुरा नहुन्जेल सम्मका कुराहरुलाई प्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ । जसले गर्दा महिलाको शैक्षिक अवस्थामा अपेक्षा गरे अनुरुप सुधार हुन सकेको छैन । त्यसैले अनुसन्धानबाट पत्ता लागेका महिला शिक्षामा प्रभावित गर्ने कारक तत्वहरुमा सानो उमेर देखिनै घरायसी काममा संलग्न गराइनुले कार्यबोझ बढी भई अध्ययनलाई उचित समय दिन नसक्नु, आर्थिक अवस्था कमजोर हुनु र चाँडो उमेरमा विवाह गर्नु, चाँडो बच्चा जन्माउनु, महिला शिक्षाको निमित्त प्रभावकारी सेवा र सुविधाको अभाव, शैक्षिक सामाग्रीको कमी, सवै विद्यालयहरुमा महिला र शिक्षिकाको कमी हुनु आदी हुन् ।

समग्रमा यस क्षेत्रका महिलाहरुमा पुरानो पुस्ताका महिलाहरुको सोचमा खासै परिवर्तन नदेखिए तापनि नयाँ पुस्ताका महिलाहरुले भने शिक्षाको महत्व बुझेका र सबैका लागि शिक्षा अनिवार्य छ भन्ने भएता पनि महिलाको शैक्षिक स्तर कमजोर नै देखिन्छ । यस्तो समस्यालाई समाधान गर्नका लागि पारिवारिक रुपमा आन्तरिक सचेतना हुनु आवश्यक देखिन्छ ।

# सन्दर्भ सामाग्री


Haralambos, Michel (2011). *Sociology, Themes and Perspectives*, Delhi: Oxford Unviersity.

Luitel, Samira (2008). *Gender Studies*, Kathmandu: Academic Books Center.

Ottaway, A.K.C. (1964). *Education ad Soceity: An Introduction to the Sociology of Education*, Education Routledge and Kegton Poul London

Ritzer, George (2000). *Modern Sociological Theory*, New York: The Graw Hill Company

Thapa, Renu (2006). *Nepal Human Development Reprot*, Kathmandu: Jagadamba press.

UNDP (2006). *Nepal Human Developmetn Report*, Kathmandu: Jagadamba Press.

आचार्य, बलराम (२०७०), *लैङ्गिक र महिलावादी अध्ययन,* नेशनल बुक सेन्टर, काठमाडौँ ।

अर्याल, भोजेन्द्र (२०५९), लैङ्गिक अध्यनय, काठमाडौँ : साझा प्रकाशन ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८) नेपाल सरकार, जनसंख्या तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाडौँ ।

गौतम, टिकाराम (२०६७), *लैङ्गिक अध्ययन,* कीर्तिपुर : एकेडेमी बुक सेन्टर ।

पन्त, मुना (२०७०) *फुजेल गा.वि.स. का महिलाहरुको शैक्षिक अवस्था : एक समाजशास्त्रीय अध्यनय,* अप्रकाशित शोधपत्र, समाजशास्त्र विभाग, त्रि.वि.मा प्रस्तुत

*नेपालको अन्तरिम संविधान* (२०६३) कानुन किताब खाना बबरमहल, काठमाडौँ ।

भद्रा, चन्द्र (२०५८), महिला शिक्षा वार्षिक प्रकाशन, वर्ष २, अंक शिक्षा विभाग, महिला शिक्षा शाखा, भक्तपुर ।

रिजाल, ज्योति (२०६९) *उजैनीका महिलाहरुको शैक्षिक अवस्था,* अप्रकाशित शोधपत्र, समाजशास्त्र विभाग त्रि.वि. मा प्रस्तुत ।

शिक्षा मन्त्रालय/अनौपचारिक शिक्षा केन्द्र, (२०५७), *साक्षरता समाचार विशेषांक* शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय, भक्तपुर ।

युनेस्को (२०१०), *सबैका लागि शिक्षा, सीमान्तकृत सम्मको पहुँच,* विश्वव्यापी अनुगमन प्रतिवेदन, युनेस्को, काठमाडौं ।

दशौ योजना (२०५९-२०६४) र त्रिवर्षीय अन्तरिम योजना (२०६७-२०६९), राष्ट्रिय योजना आयोग ।

**महिलाहरुको शैक्षिक स्थिती सम्बन्धि अन्तर्वार्ता तथा तथ्याङ्क संकलन प्रश्नावली :**

**१. उत्तरदाताको सामान्य परिचय :**

१.१

नाम : ठेगाना :

उमेर : लिङ्ग :

शिक्षा : पेशा :

वैवाहिक स्थिति :

१.२ पारिवारिक संरचना :

क) एकल ( ) ख) संयुक्त ( )

१.३ परिवारका सदस्यहरुको विस्तृत विवरण :

| क.सं. | नाम | उत्तरदातासंगको सम्बन्ध | लिङ्ग | उमेर | वैवाहिक स्थिती | पेशा | अन्य |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |
| ८. | | | | | | | |

**२. शैक्षिक पक्षः**

२.१ तपाई(लाई) पढ्न र लेख्न जान्नु हुन्छ ?

क) जानेको छु ( ) ख) जानेको छैन ( )

२.२ यदि तपाइले पढ्नु भएको छ भने कुन शिक्षा पढ्नु भयो ?

क) औपचारिक (   ) ख) अनौपचारिक (   )

२.३ अनौपचारिक शिक्षा पढ्नु भयो भने शिक्षा कहाँबाट पाउनुभयो ?

क) प्रौढ शिक्षा कार्यक्रम (   ) ख) परिवारका सदस्यबाट (   )

ग) नातेदारबाट (   ) घ) अन्य (   )

२.४ तपाइले औपचारिक शिक्षा पढ्नु भयो भने कुन तह सम्म पढ्नु भएको छ ?

क) प्राथमिक (   ) ख) निम्न माध्यमिक (   )

ग) माध्यमिक (   ) घ) उच्च माध्यमिक (   )

ङ) स्नातक (   ) च) स्नातकोत्तर (   )

२.५ अहिले तपाई स्कुल वा कलेज पढ्न जानु हुन्छ कि हुन्न ?

क) जान्छु (   ) ख) जान्न (   )

२.६ तपाइले पढाई छोड्नु को कारण के-के हुन् ?

क) विवाह भएर (   ) ख) परिवारले नपढाएर (   )

ग) आर्थिक अवस्था कमजोर भएर (   ) घ) घरको कामले नभ्याएर (   )

ङ) अन्य (   )

२.६ तपाई अहिले स्कुल वा कलेज पढ्न जानु हुन्छ भने कुन स्कुल वा कलेज जानुहन्छ ?

क) सरकारी (   ) ख) बोर्डिङ्ग (   )

**३. आर्थिक पक्ष :**

३.१ तपाईको परिवारको मुख्य पेशा के हो ?

क) कृषि (   ) ख) व्यापार (   ) ग) नोकरी (   ) घ) मजदुरी (   )

ङ) अन्य (   )

३.२ तपाईको परिवारको आम्दानीको श्रोत के हो ?

क) कृषि (   )  ख) व्यापार (   )

ग) नोकरी (   )  घ) मजदुरी (   )

ङ) अन्य (   )

३.३ तपाइको परिवारको जग्गा जमिन कति छ ? कसको स्वामित्वमा छ ? ...... रोपनी

क) महिला (   )  ख) पुरुष (   )

३.४ तपाइको आफ्नो आम्दानीको श्रोत छ कि छैन ?

क) छ (   )  ख) छैन (   )

३.४ तपाइको आम्दानीको श्रोत के हो ?

...........................................

**४. सामाजिक पक्ष :**

४.१ तपाई विवाहित हो कि अविवाहित ?

क) विवाहित (   )  ख) अविवाहित (   )

४.२ यदि तपाई विवाहित भए कुन प्रकारको विवाह हो ?

क) मागि (   )  ख) प्रेम (   )

ग) अन्य (   )

४.३ कुन उमेरलाई तपाई विवाहको सहि उमेर मान्नु हुन्छ ?

............ बर्ष

४.४ महिलाले शिक्षा पाउनु पर्छ भन्नेमा तपाईको धारणा के छ ?

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

४.५ समाजमा महिलाका लागि मात्र शिक्षा सम्बन्धि चेतनामुलक कार्यक्रम भएका छन् कि छैनन् ?

क) छ (    )    ख) छैन (    )

**५. तपाइको विचारमा महिलाहरुको शिक्षा आर्जनमा बाधा पार्ने कुराहरु (तत्वहरु) के-के होलान् ?**

१. ..............................................................................................

२...............................................................................................

३...............................................................................................

४...............................................................................................

५...............................................................................................

**६. महिला शिक्षाको बारेमा तपाइको राय के छ ?**

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................